३३ औं
वार्षिकोत्सव

# वार्षिक प्रतिवेदन
## २०७६/०७७

# नगर विकास कोष

ऋण लगानीमा पूर्वाधार
सम्बृद्ध नेपालको आधार

सम्पर्क

**नगर विकास कोष**

मध्य वानेश्वर, काठमाडौं

पो. ब. न. ५१४४

**टेलिफोन नं.**

०० ९७७ १ ४४९३८६६

०० ९७७ १ ४४६४८७४

०० ९७७ १ ४४६५६५१

**फ्याक्स**

०० ९७७ १ ४४७१२२७

**ईमेल** : tdf@tdf.org.np

**वेव** : www.tdf.org.np

**सामाजिक संजाल**

facebook.com/Town Development Fund-TDF

# नगर विकास कोष ऐन, २०५३ को दफा २८ (२) बमोजिमको वार्षिक प्रतिवेदन

प्रधानमन्त्री

काठमाडौं, नेपाल



## शुभकामना

नगर विकास कोष स्थापनाको ३३ औं वर्षमा प्रवेश गरेको जानकारी पाउँदा मलाई खुसी लागेको छ । ३३ औं वार्षिकोत्सवको यस सुखद् अवसरमा नगर विकास कोषलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु ।

यतिबेला मुलुक **'संमृद्ध नेपाल, सुखी नेपाली'**को राष्ट्रिय आकांक्षा पूरा गर्ने संकल्पसाथ चौतर्फी विकासको बाटोमा अग्रसर छ । अल्पकालीन तथा दीर्घकालीन विकास रणनीतिहरु अवलम्बन गर्दै नागरिकको आत्मनिर्भरता, सामाजिक सुरक्षा, मुलुकको आर्थिक विकास र दीगो शहरी पूर्वाधार विकास लगायतका अनेकौं कार्यक्रमहरु अघि बढिरहेका छन् । समृद्ध नेपाल, सुखी नेपालीको यस अभियान अन्तर्गत हामीले शहरहरुलाई व्यवस्थित गर्न र आर्थिक विकासको इन्जिनका रुपमा विस्तार गर्न शहरीकरणलाई व्यवस्थित गर्नुपर्ने छ । ऋण लगानी विधिवाट विभिन्न वित्तीय वैकल्पिक स्रोतहरु परिचालनमार्फत् शहरी पूर्वाधार निर्माण गर्दै स्थानीय तहहरुको क्षमता विकासमा यस संस्थाले महत्वपूर्ण भुमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिएको छु ।

वर्तमान सन्दर्भमा नगरपालिकाहरुको संख्या वृद्धि भएको छ । शहरी पूर्वाधार विकासमा राष्ट्रिय लक्ष्य पूरा गर्नका लागि विभिन्न आर्थिक स्रोत परिचालन गर्नुपर्ने छ । यसका लागि परम्परागत आर्थिक स्रोतका अतिरिक्त निजी, सहकारी, अन्तर्राष्ट्रिय तथा स्थानीय पूँजी बजारको स्रोत परिचालन गर्नु पर्दछ । नगरपालिका एवम् संगठित निजी क्षेत्रलाई पूर्वाधारका आयोजनाहरुमा आवश्यक वित्तीय स्रोत परिचालन गर्न नगर विकास कोषको पुनःसंरचना गर्नेगरी मागअनुसार ऋण परिचालन गर्न सक्ने बनाउनु आवश्यक देखिएको छ । यसका लागि नेपाल सरकारले नगर विकास कोषलाई **शहरी पूर्वाधार विकास निगम**का रुपमा रुपान्तरण गरी एक स्वायत्त एवम् दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गराउने लक्ष्य लिएको छ ।

अतः शहरी विकासका वहुआयामिक पक्षलाई मध्यनजर गरी यस कोषले पूर्वाधार निर्माणमा लगानी तथा प्राविधिक सेवा प्रदान गर्ने, शहरहरुलाई जिवन्त तथा वातावरणमैत्री बनाउने, शहरी विकाससम्बन्धी समस्याहरुको निराकरणका लागि कार्यमूलक अनुसन्धान गरी मुलुकको समग्र आर्थिक विकासमा नेतृत्वदायी वित्तीय मध्यस्थकर्ता संस्थाको रुपमा योगदान दिई मुलुकको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउन सक्षम हुनेछ भन्ने मेरो विश्वास छ ।

अन्त्यमा, नगर विकास कोषको ३३ औं वर्षगाँठका अवसरमा यससँग सम्बद्ध सबैलाई बधाई दिँदै वार्षिकोत्सव सफलताको कामना गर्दछु ।

२७ माघ २०७७

केपी शर्मा ओली

मा. प्रभु साह
मन्त्री
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Prabhu Sah
Minister
Ministry of Urban Development
Singhadurbar, Kathmandu, Nepal



पत्र संख्या/Let.No.:
चलानी नं. /Ref .No.:

## शुभकामना सन्देश

दिगो शहरी पूर्वाधार विकासमा वित्तीय सहयोग परिचालन तथा स्थानीय तहको क्षमता विकास गर्न स्थापना गरिएको नगर विकास कोष ३२ औं बर्ष पूरा गरी ३३ औं वर्षमा प्रवेश गरेको अवसरमा आ.व.२०७६।७७ वो वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्दछु ।

नेपालमा बढ्दो शहरीकरणसँगै शहरी विकास तथा दिगो पूर्वाधार विकासको विषय झनै महत्वपूर्ण बन्दै गईरहेको परिस्थितिमा राष्ट्रिय शहरी नीति तथा राष्ट्रिय शहरी विकास रणनीतिलाई आत्मसाथ गर्दै यस नगर विकास कोषले स्थानीय तहहरुका लागि वित्तीय स्रोत परिचालन तथा प्राविधिक सहयोगमार्फत् शहरी पूर्वाधार विकासका क्षेत्रमा गर्दै आएको योगदान सराहनीय छ । लामो अनुभव संगालेको नगर विकास कोषलाई समय सापेक्ष आवश्यक पुनःसंरचना गरी आवश्यक विकास गर्न जरुरी छ ।

नगर विकास कोषको शहरी पूर्वाधार विकासका लागि आवश्यक पर्ने विभिन्न वित्तीय स्रोतहरु परिचालन गर्दै दिगो वित्तीय मध्यस्थकर्ता संस्थाको रुपमा विकसित हुने विश्वास सहित ३३ औं वार्षिकोत्सवको अवसरमा कोषसँग सहकार्य गर्नु हुने सम्पूर्ण दातृ निकायहरु, स्थानीय तहहरु, साना शहरी खानेपानी उपभोक्ता समितिहरु तथा अन्य सम्बन्धित संघ संस्थाहरुलाई धन्यवाद ज्ञापन गर्दै कोष परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रभु साह
मन्त्री
शहरी विकास मन्त्रालय

मा. प्रभु साह
मन्त्री

फोन: ९७७-१-४२०००३४, ४२०००३५ | फ्याक्स: ९७७-१-४२००२४६ | वेबसाइट: www.moud.gov.np
Phone: 977-1-420034, 4200035 | Fax: 977-1-4200246 | Website: www.moud.gov.np

मा. रामवीर मानन्धर
राज्यमन्त्री
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन नं. ०१-४२००००४ (कार्यालय)
फ्याक्स:०१-४२०००४६
web.: www.moud.gov.np

पत्र संख्या:
चलानी नं.:



# शुभकामना सन्देश

पूर्वाधार विकासमा दिर्घकालीन ऋण लगानी गरी मुलुकको आर्थिक विकासमा योगदान दिदै नगर विकास कोष ३२ औं वर्ष पूरा गरी ३३ औं वर्षमा प्रवेश गरेको अवसरमा खुसी व्यक्त गर्न चाहान्छु ।

शहरीकरणको तीव्र विस्तारसँगै शहरी पूर्वाधार विकासमा लगानी विस्तार गर्न ऋण लगानी विधिबाट सिमित स्रोतलाई बढी तरलता लिई मुलुकको व्यवस्थित शहरी पूर्वाधार विकास, विस्तार र सुदृढीकरणमा महत्वपूर्ण भूमिका खेलिरहेको वर्तमान परिपेक्ष्यमा कोषको पुन: संरचना गरी शहरी पूर्वाधार विकास निगमको रुपमा नेतृत्वदायी वित्तिय मध्यस्यथकर्ता संस्थाको भूमिका खेल्नेछ भन्ने विश्वास गर्दै मन्त्रालयबाट आवश्यक सहयोग तथा सहजीकरण रहने प्रतिवद्धता व्यक्त गर्दछु ।

योजनावद्ध व्यवस्थित शहरी पूर्वाधार विकासका लागि कोषमार्फत वित्तिय तथा प्राविधिक सहयोग गर्नु हुने दातृ निकायहरु, स्थानीय तहहरु एवं नगर विकाससँग सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्दै ३३ औं वार्षिकोत्सवको अवसरमा कोष परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मा. रामवीर मानन्धर
राज्यमन्त्री

नेपाल सरकार
# शहरी विकास मन्त्रालय

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या:-
चलानी नं.:-

फोन नं.: ४२११६७३, ४२११५६०, ४२११८८३
फ्याक्स: ९७७-१-४२००२४६
सिंहदरबार, काठमाडौं, नेपाल ।



## शुभकामना

नगर विकास कोष स्थापनाको ३३ औं वर्षमा प्रवेश गरेको अवसरमा वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

राष्ट्रिय शहरी नीति, २०६४ लागू भई कार्यान्वयनमा रहेको सन्दर्भमा शहरी पूर्वाधार निर्माणमा वित्तीय स्रोत परिचालन गरी यस क्षेत्रलाई कोषले प्रवर्द्धन र सम्वर्द्धन गरिरहेको छ । यसका साथै लागत असुली तथा सेवामा शुल्कको अवधारणामार्फत पूर्वाधारको दिगोपना र सेवा प्रवाहलाई समेत सुनिश्चित गर्दै आईरहेको छ । कोषले शहरीकरणका वहुआयामिक पक्षहरुलाई सम्वोधन गर्दै ऋण लगानीका माध्यमबाट मुलुकको आर्थिक विकासमा महत्वपूर्ण योगदान गरेको छ ।

कोषको वर्तमान कार्यक्षेत्र र पूँजीको संरचना अनुसार स्थानीय तहहरुको ऋण लगानीको माग पूर्ति गर्न कोषलाई पुनर्संरचनामार्फत् एक व्यावसायिक तथा सुदृढ 'शहरी पूर्वाधार विकास निगम' को रुपमा सञ्चालन गर्नका लागि 'शहरी पूर्वाधार विकास निगम विधयेक' को मस्यौदा समेत तयारी भईसकेको छ ।

उक्त विधेयक पारित भएपछि शहरी क्षेत्रमा मागअनुरुप आवश्यक पूर्वाधारहरु निर्माण गरी 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय सोच हासिल गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गर्दै वार्षिकोत्सवको अवसरमा विकास साझेदारहरु र नगर विकाससँग सम्वन्धित सम्पूर्ण निकायहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछु र कोष परिवारलाई समेत हार्दिक शुभकामना व्यक्त गर्दछु ।

(डा. रमेश प्रसाद सिंह)
सचिव
शहरी विकास मन्त्रालय
एवम्
अध्यक्ष, नगर विकास कोष

# नगर विकास कोष

पोष्ट वक्स नं. : ५१४४
नयाँ बानेश्वर,काठमाडौं
फोन नं. : ४४९३८६६, ४४६४८७४, ४४६५६५१
फ्याक्स नं. ००९७७-१-४४७१२२७
इमेल: tdf@tdf.org.np, Website: www.tdf.org.np

पत्र संख्या :
चलानी नं. :



## प्रतिबद्धता

वि.सं २०४५ सालमा स्थापित नगर विकास कोष करिव रु. १.२९ करोडको बीउ पुँजी हुँदै कोष आज रु. ५.८ अर्व इक्वीटीसहित देशका ८३ वटा नगरपालिकाहरु र ९४ वटा साना सहरहरुमा शहरी पूर्वाधारका विभिन्न आयोजनाहरु जस्तै बसपार्क, कृषि बजार व्यवस्थापन, नगरपालिका प्रशासकीय भवन, विद्यालय भवन, अस्पताल भवन, खानेपानी, व्यापारिक भवन, फोहोर मैला व्यवस्थापन, सडकलगायत ११९६ वटा आयोजना सम्पन्न गरी ३३ औं वर्षमा प्रवेश गरेको छ ।

कोषले नेपाल सरकार, जर्मन विकास बैंक, विश्व बैंक, एशियाली विकास बैंक तथा अन्य विकास साझेदारहरुको वित्तीय तथा प्राविधिक सहयोग ऋण तथा अनुदानका रुपमा परिचालन गरी नेपाल सरकारलाई तिर्नु पर्ने साँवा तथा ब्याज नियमित रुपमा तिर्दै लगानीतर्फको साँवा तथा ब्याजलाई प्राथमिकताकासाथ ऋण असुली गरिरहेको छ ।

मुलुकको करिव ६० प्रतिशत तथा २९३ वटा नगरपालिकाहरुको जनसंख्या शहरवासीमा रुपान्तरित भैसकेको हालको अवस्थामा शहरहरुलाई व्यवस्थितरुपमा विकास गरी पूर्वाधारहरु तथा सुविधाहरुको विस्तारका लागि स्थानीय तहहरुले आफ्नो स्रोतहरुको अधिकतम् परिचालन तथा पूर्वाधार विकासमा ऋण लगानी (Debt Financing) का अवधारणाहरु अवलम्वन गर्न जरुरी छ ।

मुलुकले अवलम्वन गरेको **"सम्मृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय आकांक्षालाई पूरा गर्नका लागि पूर्वाधार निर्माणका लागि वैकल्पिक स्रोत परिचालन गर्न कोषले परम्परागत वित्तीय स्रोतका अतिरिक्त अन्य अन्तर्राष्ट्रिय संघ/संस्था तथा बजारवाट पुँजी परिचालन गर्ने योजनासहित हरित जलवायु कोष (GCF) वाट मान्यता प्राप्त संस्था (Accredited) हुनका लागि आवश्यक प्रकृया अगाडि वढिरहेकोछ र स्थानीय पुँजी बजारबाट वित्तीय स्रोत परिचालन गर्नका लागि Infrastructure or Municipal Bond जारी गर्ने योजना रहेको छ ।


अत: पूर्वाधार विकासमा दीर्घकालीन ऋण लगानी गरी आर्थिक विकासका लक्ष्य प्राप्त गर्नका लागि कोष लाई **"शहरी पूर्वाधार विकास निगम"**का रुपमा रुपान्तरण गरी मुलुकको वित्तीय बजार एवं निजी क्षेत्रको पुँजी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक स्वायत्त एवं दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गराउन नेपाल सरकार, प्रदेश, स्थानीय तह र अन्य संस्थाहरुको समेत स्वामित्व रहने गरीरु.२० अर्व बराबरको इक्वीटी पुँजी संरचनासहित शहरी पूर्वाधार विकास निगम ऐनको मस्यौदा तयार भई सरकारबाट आवश्यक स्वीकृतिका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा रहेको छ ।

नेपालको दिगो शहरी पूर्वाधार विकासमा ऋण लगानी तथा प्राविधिक सहयोग गरी वित्तीय मध्यस्थकर्ताको रुपमा योगदान पुऱ्याउन कोषलाई शहरी पूर्वाधार विकास निगममा रुपान्तरण गर्ने योजनासहित कोषको ४ वर्षे (आ.व. ०७७/७८–०८०/८१) व्यावसायिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गर्ने प्रतिवद्धता व्यक्त गर्दै नेपाल सरकार, विकास साझेदारहरु, सेवाग्राही तथा सम्वन्धित विभिन्न संघसंस्थाहरुलाई कोषको तर्फबाट विशेष धन्यबाद दिन चाहन्छौं ।

Rsapkota

कृष्ण प्रसाद सापकोटा
कार्यकारी निर्देशक

# संगठन संरचना



संचालक समिति
उप-समिति
कार्यकारी निर्देशक
सचिवालय एवं योजना अनुगमन तथा मूल्यांकन केन्द्र
आन्तरिक लेखा परीक्षण
सुचना व्यवस्थापन शाखा
योजना, अनुगमन तथा मूल्याङ्कन शाखा
अनुसन्धान तथा विकाश
आयोजना व्यवस्थापन तथा प्राविधिक सहयोग विभाग
वित्त तथा मानव संशाधन विभाग
व्यवसाय प्रबर्द्धक तथा आयोजना विकास महाशाखा
आयोजना अनुगमन तथा सुपरिबेक्षक व्यवस्थापन महाशाखा
प्राविधिक सहयोग तथा परामर्श सेवा महाशाखा
आयोजना मूल्याङ्कन महाशाखा
वित्त तथा कोष व्यवस्थापन महाशाखा
मानव संशाधन महाशाखा
ग्राहक सम्बन्ध तथा सानिसा प्रबर्द्धन शाखा
आयोजना विकास शाखा
खरिद सेवा सहयोग शाखा
आयोजना अनुगमन शाखा
तालिम तथा क्षमता अभिबृद्धि शाखा
आयोजना मूल्याङ्कन शाखा
लगानी तथा असुली शाखा
लेखा शाखा
प्रशासन शाखा
जिन्सी तथा खरिद शाखा

# संचालक समिति



अध्यक्ष
**डा. रमेश प्रसाद सिंह**
सचिव
शहरी विकास मंत्रालय



सदस्य
**विजय सरावगी**
नगर प्रमुख, विरगंज म.न.पा



सदस्य
**रेनु दाहाल**
नगर प्रमुख भरतपुर म.न.पा.



सदस्य
**मान बहादुर जि.सी.**
नगर प्रमुख, पोखरा म.न.पा.



सदस्य
**शिवराज सुवेदी**
नगर प्रमुख, बुटवल उप.म.न.पा



सदस्य
**भिम बहादुर देउवा**
नगर प्रमुख, गौरीगंगा न.पा



सदस्य
**गिता अधिकारी**
उप प्रमुख, दमक न.पा



सदस्य
**मोहनमाया भण्डारी (ढकाल)**
उप प्रमुख, वीरेन्द्रनगर न.पा



सदस्य
**श्रीकृष्ण नेपाल**
सह-सचिव, अर्थ मन्त्रालय



सदस्य
**विष्णु दत्त गौतम**
सह-सचिव, संघीय मामिला तथा
सामान्य प्रशासन मन्त्रालय



सदस्य
**श्री रतन कुमार मिश्र**
अर्थ विज्ञ



सदस्य
**श्री रामदीप साह**
प्राविधिक विज्ञ



सदस्य
**उत्तम लुइटेल**



सदस्य
**प्रवेज अली सिद्धिकी**



सदस्य सचिव
**कृष्ण प्रसाद सापकोटा**
कार्यकारी निर्देशक

# कार्यकारी सारांश

यस वर्ष २०७६/०७७ मानव अस्तित्व माथिको हमलाका रूपमा लिईएको अकल्पनिय कोभिड १९ महामारीको रूपमा रहेको वर्ष लाई ब्यहोरी कोषले विगत ३२ वर्ष देखि नेपालको शहरी पूर्वाधार विकासमा दीर्घकालीन ऋण परिचालन नेपाल सरकार, विकास साझेदारको वित्तीय तथा प्राविधिक स्रोत एवं कोषको ईक्विटी परिचालन गरी नगरहरूको सामाजिक तथा आर्थिक पूर्वाधारहरूको विकास तथा विस्तारमा निरन्तर कार्य गर्दै आईरहेको छ ।

नेपाल सरकारको आ.व. ०७६।७७ को बजेट तथा कार्यक्रममा नगर विकास कोषलाई शहरी पूर्वाधार विकास निगममा परिणत गरी कोषको कार्य क्षेत्र विस्तार सहित शहरी पूर्वाधार निर्माणका लागि दिर्धकालिन ऋण परिचालन गर्ने गरी **"शहरी पूर्वाधार विकास"** निगम ऐनको मस्यौदा तयार भई स्वीकृतीको चरणमा रहेको छ ।

आ.व. ०७६।७७ मा लक्षित कार्यक्रमहरूलाई विश्व महामारी कोभिड–१९ को कारणले स्वभावतः कार्यक्रम कार्यान्वयनका चरणमा प्रभाव पर्न गएको छ । आ.व. २०७६।७७ मा शहरी पूर्वाधार विकासका लागि विभिन्न कार्यक्रम तथा आयोजनाहरूमा कुल रू. २ अर्व ७० करोड लगानी गर्ने लक्ष्य राखिएकोमा जम्मा रू. ९६ करोड ९३ लाख लगानी भई लक्ष्यको ३६ प्रतिशत प्रगति हासिल भएको छ ।

यसै गरी आ.व.२०७६।७७ मा कूल रू. ५७ करोड १६ लाख ६० हजार आम्दानी हुने अनुमान गरिएकोमा रू. ५६ करोड ८७ लाख २४ हजार आम्दानी हुन गई ९९ प्रतिशत प्रगति हासिल भएको छ । खर्च तर्फ कूल रू. २६ करोड ६१ लाख ६० हजार खर्च हुने अनुमान गरिएकोमा कूल रू. १८ करोड १७ लाख ३५ हजार खर्च भई अनुमानको ६८ प्रतिशत खर्च हुन गएको छ । कोषले आर्जन गरेको नाफावाट आ.व. ०७६।७७ मा कर वापत रू. ११ करोड ४० लाख नेपाल सरकारलाई भुक्तानी गरी रू. २७ करोड २९ लाख ९० हजार खुद वचत हुन गएको छ ।


कोषले आ.व. २०७६।७७ मा असुल हुनपर्ने साँवा तथा व्याज जम्मा रू. १ अर्व ७ करोड ५८ लाख असुल हुनु पर्नेमा रू. ६६ करोड ९७ लाख ३६ हजार असुल भएको छ ।

कोषको इक्वीटी पूजी आ.व. २०७६।७७ सम्ममा रू. ४४ करोड ६१ लाख ७५ हजार थप भई कूल पूँजी रू. ५ अर्व ८९ करोड ३८ लाख ७४ हजार पुगेको छ ।

यसै गरी नगरपालिकाहरूबाट विभिन्न आयोजनाहरूका लागि थप माग बढिरहेकाले वैकल्पिक वित्तीय स्रोत परिचालन गर्नु पर्ने आवश्यकता भएकाले कोषको नियमित वित्तीय स्रोतका अलवा हरित जलवायु कोष (Green Climate Fund –GCF) बाट मानक संस्था (Accredited Institution) को मान्यता प्राप्त गर्ने चरणमा अगाडी बढेकोछ ।

नेपाल सरकारको पूर्ण स्वामित्वमा संचालित यस नगर विकास कोष एक स्वायत्त संस्थाको रूपमा कार्य गर्दै उदेश्य पूर्तिका लागि प्रभावकारी योजनाबद्ध व्यवस्थापन गरी कार्यान्वयन गर्नका लाागि चार वर्षे व्यवसायिक योजना (२०७७/७८-८०/८१) सहित नगर विकास कोषले कार्यकारी निर्देशक खुल्ला प्रतिस्पर्धाका आधारमा छनौट भई नयाँ नेतृत्व प्राप्त गरेकोछ ।


## आ.व. २०७६।७७ मा कोषका विभिन्न कार्यक्रम अन्तर्गत स्वीकृत ऋण तथा अनुदान (कूल रू. १ अर्ब ७७ करोड)





- शहरी खानेपानी तथा सरसफाई आयोजना
- मभ्कौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना
- सहलगानी (खानेपानी) आयोजना
- शहरी पूर्वाधार विकास आयोजना
- तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना
- नगर विकास कार्यक्रम दोस्रो तेस्रो चरण
- एकीकृत शहरी पूर्वाधार आयोजना

## आ.व. २०७६।७७ मा कोषका विभिन्न कार्यक्रम अन्तर्गत गरिएको लगानी (कूल रू. ९६ करोड ९३ लाख)


- एकीकृत शहरी पूर्वाधार आयोजना
- सहलगानी (खानेपानी) आयोजना
- मभ्कौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना
- शहरी पूर्वाधार विकास आयोजना
- तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना
- नगर विकास कार्यक्रम तेस्रो चरण
- शहरी खानेपानी आपूर्ति तथा सरसफाई आयोजना




## आ.व. २०७६/७७ मा साँवा तथा ब्याज असुली




## आ.व. २०७६/७७ मा नेपाल सरकारलाई गरेको भुक्तानी



# विषय सूची


१. कोषको परिचय १
  १.१ पृष्ठभूमि १
  १.२ कोषको दूरदृष्टि (Vision) १
  १.३ कोषको ध्येय (Mission) १
  १.४ कोषको मूल मान्यता (Core Values) १
  १.५ कोषको उद्देश्यहरू २
  १.६ कोषको मुख्य मुख्य काम कर्तब्य र अधिकार २
  १.७ कोषको रणनीतिहरू २
  १.८ कोषको लगानीका क्षेत्रहरू ३
  १.९ कोषको सेवाग्राहीहरु ३
  १.१० कोषको ऋण लगानीका विधिहरु ४

२. आ.व. ०७६/७७ मा कोषद्वारा संचालित कार्यक्रमहरूको समीक्षा ४
  २.१ नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरण (TDP-II & III) ५
  २.२ तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (STWSSSP-III) ६
  २.३ शहरी खानेपानी तथा सरसफाई आयोजना (UWSSSP) ८
  २.४ सह–लगानी (Co-Finance) खानेपानी तथा सरसफाई आयोजना ९
  २.५ मफौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (STIUEIP) १०
  २.६ एकीकृत शहरी विकास आयोजना (IUDP) ११
  २.७ शहरी पूर्वाधार विकास लगानी आयोजना (UIDP) ११

३. नगर विकास कोष र अन्तर्राष्ट्रिय संघ संस्थाको सहकार्यमा संञ्चालित कार्यक्रमहरू १६
  ३.१ नेपाल उर्जा दक्षता कार्यक्रम-तेस्रो चरण
  (Nepal Energy Efficiency Programme-III Phase) कार्यक्रम १६
  ३.२ संयुक्त राष्ट्र पूँजी विकास कोष संगको सहकाय
  (United Nations Capital Development Fund-UNCDF Cooperation) १८
  ३.३ नगरपालिका बित्त व्यवस्थापन तथा क्षमता विकास
  (Municipal Finance and Capacity Building) कार्यक्रम १८
  ३.४ हरित जलवायु कोष (Green Climate Fund) १९

४. संस्थागत विकास तथा जनशक्ति व्यवस्थापन २१

५. कोषको वित्तीय अवस्था २३
५.१ आयोजनाहरूमा ऋण तथा अनुदान लगानीः २३
५.२ ऋण असुली ः २३
५.३ ऋण भुक्तानीः २३
५.४ आम्दानीः २३
५.५ कूल सञ्चालन खर्चः २३
५.६ वचतः २३
५.७ पूँजी बृद्धिः २४
५.८ नेपाल वित्तीय प्रतिवेदन मान अनुसारको वित्तीय विवरणहरू २७

६. कोषको भावी योजना ३१
६.१ कोषको ब्यवसायिक योजना ः ३१

# १. कोषको परिचय

## १.१ पृष्ठभूमि

शहरी पूर्वाधार विकासमा वित्तीय एवं प्राविधिक सहयोग पुऱ्याउने उद्देश्यले वि.सं २०४५ फाल्गुण २ गते "नगर विकास कोष समिति" को रूपमा स्थापना भएको यस कोष वि.सं. २०५३ सालमा "नगर विकास कोष ऐन २०५३" द्वारा नेपालमा नगरहरूको विकास, निर्माण तथा विस्तार एवं शहरहरूमा आधारभूत सामाजिक सेवा र आयमूलक आयोजना सञ्चालन गर्न तथा सो सम्बन्धी कार्य गर्ने नगर बिकाससंग सम्बन्धित निकायहरूलाई आर्थिक र प्राविधिक सहयोग प्रदान गरी व्यवस्थित रूपमा उत्थानशिल शहरी पूर्वाधारको निर्माण गर्न गराउनका लागि "नगर विकास कोष" स्थापना भएको हो ।

कोषले नेपाल सरकार तथा विभिन्न अन्तर्राष्ट्रिय विकास साझेदारहरु (विश्व बैंक, जि.टी.जेड, जर्मन विकास बैंक (के.एफ.डब्ल्यू.), एसियाली विकास बैंक, युरोपियन युनियन, यु.एन.सि.डि.एफ. को वित्तीय तथा प्राविधिक सहयोग र कोषको इक्विटी परिचालन गरी सामाजिक तथा आर्थिक पूर्वाधारहरूको विकास, विस्तार तथा नगरपालिका एवं साना शहरहरूको क्षमता अभिवृद्धिमा विगत ३२ वर्षदेखि निरन्तर सहयोग गर्दै आइरहेको छ । स्थापनाकालदेखि आ.व. २०७६/७७ सम्म कोषले ८३ वटा नगरपालिका र ९४ वटा साना सहरहरूमा वसपार्क, व्यावसायिक भवन, नगरपालिका भवन, स्कुल भवन, मनोरन्जन पार्क, फोहरमैला व्यवस्थापन, सतह ढल र सडक लगायतका करिव १२०० वटा आयोजनाहरूमा रू. ९ अर्व ६१ करोड ऋण तथा रू. २ अर्व २९ करोड अनुदान लगानी गरिसकेको छ । उक्त ऋण मध्ये आ.व. २०७६/७७ को अन्त सम्ममा साँवा ब्याज गरी जम्मा रू. ५ अर्व १ लाख असुल हुनु पर्नेमा साँवा र ब्याज समेतगरी रू. ४ अर्व ५६ करोड ४५ लाख असुल भएको छ ।

मुलुकमा बढ्दै गएको शहरिकरण तथा नगरपालिकाहरूको संख्या बृद्धि भई पूर्वाधार निर्माणका लागि माग बढिरहेकाले नेपाल सरकारको आ.व. २०७६/७७ को कार्यक्रम तथा बजेटमा नेपाल सरकार, प्रदेश, स्थानीय तह र अन्य संस्थाहरूको समेत स्वामित्व रहने गरी रू.२० अर्व बराबरको इक्वीटी पुँजी संरचनाको ब्यवस्था सहित कोषलाई **"शहरी पूर्वाधार विकास निगम"** का रूपमा पुनर्संरचना गरी शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने पुँजी परिचालन गर्ने संस्थाका रूपमा विकास गर्ने लक्ष्य राखी "शहरी पूर्वाधार विकास निगम ऐन" को मस्यौदा तयार भैसकेको छ, जसबाट नगर विकास कोषलाई भविष्यमा शहरी पूर्वाधारमा लगानीका लागि बढ्दो माग तथा देशको संघीय संरचनाको ढाँचा वमोजिम प्रादेशिक सरकार एवं स्थानीय सरकारहरूलाई पूर्वाधारको विकास तथा विस्तार गर्नका निम्ति वित्तीय एवं प्राविधिक सहयोग पुऱ्याउने एक सुदृढ संस्थाको रूपमा स्थापित हुन फराकिलो आधार तयार भएको छ ।

## १.२ कोषको दूरदृष्टि (Vision)

शहरी पूर्वाधार विकासमा नेतृत्वदायी दिगो वित्तीय मध्यस्थकर्ताको रूपमा स्थापित हुने ।

## १.३ कोषको ध्येय (Mission)

राष्ट्रिय विकासको लक्ष्य अनुरूप शहरी पूर्वाधार एवं शहरी सेवा सुविधामा जनताको पहुँच स्थापित गरी आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार गर्न योगदान पुऱ्याउने ।

## १.४ कोषको मूल मान्यता (Core Values)

- शहरी पूर्वाधारका आयोजनाहरूको निर्माणमा ऋण लगानीलाई प्रबर्द्धन गर्दै शहरी सेवा सुविधाहरूको विस्तार गरी जनताको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार ।
- दिगो शहरी पूर्वाधारमा लगानीलाई विस्तार गर्दै देशको आर्थिक–सामाजिक क्षेत्रको विकास ।

- वित्तीय एवं गैर वित्तीय नवप्रवर्धन उपकरणको प्रबर्द्धनबाट शहरी पूर्वाधार विकास ।

## १.५ कोषको उद्देश्यहरू

कोषले अल्पकालिन तथा दिर्धकालिन रणनीतिहरू बनाई कार्य गर्नका लागि नगर विकास कोष ऐन, २०५३ को परिच्छेद २ (५) बमोजिम नगर विकास कोषको देहाय बमोजिम उद्देश्यहरू रहेका छन्ः

(क) नगर विकाससंग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) नगरलाई स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, गराउने ।

(ग) विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना संचालन गर्ने, गराउने ।

(घ) नगर विकास र यसको लागि गरिनुपर्ने सभाव्य सुधारहरूका सम्वन्धमा देखा परेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकता अनुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

## १.६ कोषको मुख्य मुख्य काम कर्तब्य र अधिकार

(क) कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) कोषको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने र सो को निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने ।

(ग) नगरको निर्माण, विकास तथा विस्तार, नगरमा आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्ने, नगर विकाससंग सम्बन्धित निकायहरूलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(घ) नगरको निर्माण, विकास, विस्तार र विविधिकरणको लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक आधारहरु तयार पारी नगर विकाससंग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने तथा त्यस्ता कार्यक्रममा नगर विकाससंग सम्बन्धित निकायहरूको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ङ) नगर विकाससंग सम्बन्धित निकायमा कार्यरत कर्मचारीहरूलाई दिइने तालिम तथा प्रशिक्षणको लागि आवश्यक सहयोग पुऱ्याउने ।

(च) नगर विकाससंग सम्बन्धित निकायहरूलाई नगर विकास सम्बन्धी विषयहरूमा आवश्यक परामर्श सेवा प्रदान गर्ने ।

(छ) कोषसंग ऋण लिई सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरिवक्षण गर्ने, गराउने ।

(ज) नेपाल सरकारले कुनै विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संस्थासंग कोषका सम्बन्धमा गरेको सम्झौता बमोजिम कार्य गर्ने, गराउने ।

(झ) कोषको हित विपरीत नहुने गरी कोषको रकम प्रचलित कानुन बमोजिम स्थापित अन्य कुनै सस्थाको शेयर, डिबेञ्चर वा अन्य कुनै किसिमको ऋणपत्र खरिद गर्ने कार्यमा लगानी गर्ने ।

## १.७ कोषको रणनीतिहरू

(१) कोषलाइ "शहरी पूर्वाधार विकास निगम" मा रूपान्तरण गर्ने ।

(२) कोषको लगानीका क्षेत्रलाई ब्यापक तथा प्रभावकारी बनाउन राष्ट्रिय शहरी नीति तथा शहरी पूर्वाधार विकास रणनीतिका आधारमा संवन्धित निकायहरूसंग समन्वय गरी कार्य गर्ने ।

(३) नेपाल सरकारको पूर्वाधार विकाससँग संबन्धित विभिन्न निकायहरूसँग सहकार्य गरी पूर्वाधारसम्बन्धी ठुला आयोजनाहरूको विकास तथा वित्तीय स्रोत परिचालन गर्ने ।

(४) सार्वजानिक निजी साझेदारी (PPP) र मिश्रित लगानी (Blending Finance) को अवधारणा अनुसार शहरी पूर्वाधारका क्षेत्रमा ऋण लगानी गर्ने ।

(५) पूर्वाधार विकासमा वैकल्पिक पुँजी स्रोतका लागि डेभलपमेण्ट बोण्ड जारी गर्ने ।

(६) कोष एवं स्थानीय तहहरूको संस्थागत विकास, स्रोत परिचालन तथा रणनीतिक महत्वका क्षेत्रमा आवश्यक ज्ञान, सीप तथा अनुभव

आदान प्रदान गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सञ्जाल निर्माण गरी प्राविधिक सहयोग परिचालन गर्ने ।

(१०) प्रतिस्पर्धी व्यावसायिक वित्तीय संस्थाकारुपमा स्थापित हुनका लागि नगर विकास कोषको क्रेडिट रेटिङ्ग गर्ने ।

(११) नगरपालिकाहरूको आन्तरिक वित्तीय क्षमता अभिवृद्धि गर्दै ऋण वहन क्षमता वृद्धि गराउनका लागि सम्भावित नगरपालिकाहरुको क्रेडिट रेटिङ्ग गर्ने ।

(१३) प्रतिस्पर्धी खुल्ला कोषमार्फत् शहरी पूर्वाधारका रणनीतिक आयोजनाहरुमा लगानीलाई विस्तार गर्ने ।

(१५) नगरपालिकाहरुको विशिष्टीकरण र वस्तुगत आधारमा स्थानीय तहको आर्थिक विकासमा योगदान पुर्‍याउने किसिमका आयोजना बैंक तयार गर्ने ।

(१४) कोषलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसारको वित्तीय मध्यस्थकर्ता संस्था Center of Excellence का रुपमा विकास गर्ने ।

## १.८ कोषको लगानीका क्षेत्रहरु

कोषको ऋण तथा अनुदान नीति, नियमावली तथा कार्य सञ्चालन निर्देशिकाको ब्यवस्था अनुसार प्रभावकारी लगानीका लागि शहरी पूर्वाधारहरूलाई १) सामाजिक पूर्वाधार (Social Infrastructure), २) शहरी आधारभूत पूर्वाधार (Urban Utility Infrastructure), ३) आर्थिक पूर्वाधार (Economic Infrastructure) लगायत आयमूलक आयोजनाहरू (Revenue Generating Projects) मा वर्गिकरण गरी लगानी गर्दछ ।

(क) सामाजिक पूर्वाधार (Social Infrastructure) सम्बन्धी आयोजनाः ढल निर्माण, सार्वजनिक सौचालय, शहरी क्षेत्रमा अव्यवस्थित वस्ती सुधार, विद्यालय, आदि पर्दछन् ।

(ख) शहरी आधारभुत पूर्वाधार (Urban Utility Infrastructure) आयोजनाः सडक तथा पुल, खानेपानी, धार्मिक तथा साँस्कृतिक क्षेत्रहरूको संरक्षण तथा सम्बर्द्धन, सडक बत्ति, नगरपालिका भवन, सामुदायिक वा विश्रामस्थल, खेलकुद रंगशाला, मनोरंजन क्षेत्रहरू, म्युजियम, प्राकृतिक श्रोत संरक्षण जस्ता शहरी सुविधाका आधारभूत पूर्वाधार विकासका लागि कोषले ऋण लगानी गर्दछ ।

(ग) आर्थिक / आयमुलक पूर्वाधार (Economic / Revenue Generation Infrastructure) आयोजनाः बसपार्क तथा पार्किङ्ग क्षेत्र, वहुतले स्वचालित गाडी पार्किङ पर्यटन पूर्वाधार, संचार पूर्वाधार, रिक्रियश सेन्टर आदि बजार विकास (हाट बजार, प्रर्दशनीस्थल) वहुउद्देश्यिय व्यापारिक भवन निर्माण, तरकारी बजार, बिद्युतिय परिवहन, केवल कार, संचार सम्बन्धी सुविधा, जलविद्युत आदि आय आर्जन गर्ने व्यवसायिक पूर्वाधार विकासमा कोषले ऋण प्रवाह गर्दछ । कोषले शहरी पूर्वाधार हरूमा नेपाल सरकार तथा दातृ निकायको वित्तीय सहयोगमा ऋण र अनुदानको मिश्रित प्रणालीका आधारमा पूर्वाधारहरूमा लगानी गर्दै आएकोछ साथै कोषले ऋण लगानी र बैकल्पिक वित्तीय स्रोत परिचालनलाई जोड दिई नीजिक्षेत्रलाई पनि समावेस गरी समग्र पूर्वाधार निर्माणमा लगानी गर्ने नीति लिएको छ ।

## १.९ कोषको सेवाग्राहीहरु

- स्थानीय तहहरु (महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका)
- नगर विकास समितिहरु ।
- खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
- नगरउन्मुख गाउँपालिकाहरु तथा अन्य शहरी विकासमा संलग्न निकायहरु (प्राधिकरण, बोर्ड र स्थानीय संस्था) ।
- प्रचलित कानुनवमोजिम स्थापना भएका सरकारी वा गैह्र सरकारी संस्था ।

## १.१० कोषको ऋण लगानीका विधिहरू

नगर विकास कोषले शहरी पूर्वाधार विकासमा निम्न :१) लगानी गर्दा वित्तीय स्रोतमा आधारित, र २) वित्तीय स्रोत विनाको लगानीका विधि अनुसार स्रोत परिचालन गर्दछ ।

| | |
|---|---|
| वित्तीयमा स्रोतमा आधारित लगानी विधि (Fund Based Financing Model) | Loan Product:<br>• आयोजना निर्माणका लागि दीर्घकालीनरूपमा (२५ वर्ष सम्म) ऋण उपलब्ध गराउने । |
| | Variants of Loan Product:<br>• आयोजनाको प्रकृतिअनुसार विभिन्न ब्याज दरमा निर्माणका लागि ऋण उपलब्ध गराउने । |
| | Equity Product:<br>• आयोजनाबाट प्राप्त हुने प्रतिफल (नाफा वा घाटा) प्राप्त गर्ने गरी कुल लागतको अनुपातमा लगानी गर्ने । |
| | Municipal/Infrastructure Bond:<br>• आयोजना निर्माणका लागि ऋण पत्र जारी गरी आम सर्वसाधारणवाट स्वदेशी पुँजी सङ्कलन गरी आयोजनामा लगानी गर्ने । |
| | Special Purpose Vehicle:<br>• आयोजना सञ्चालन वा निर्माणका लागि सेवा प्रदायक संस्था वा कम्पनीलाई ऋण प्रवाह गर्ने । |
| वित्तीय स्रोत विना लगानी विधि (Non-Fund Based Financing Model) | Credit Enhancement Product<br>• आयोजना निर्माणमा लाग्ने लागतको सुनिश्चिताका लागि कोष जमानी (Gurauntee) रही आवश्यक रकम को प्रबन्ध मिलाउने । |
| | PPP Financing<br>• सार्वजनिक, नीजि क्षेत्रहरूलाई सहभागी गराई आयोजना निर्माण, संचालन र व्यवस्थापन गर्ने गराउने । |
| | Leverage Climate Finance<br>• वातावरण संरक्षणका आयोजनाहरूमा वित्तीय सहायता परिचालन गरी आयोजना निर्माणको ब्यवस्थापन गर्ने । |
| | Energy Efficiency Finance<br>• आयोजनामा जडान भएका वा निर्मित हुने संरचनामा ऊर्जा दक्षतासम्बन्धी कार्यक्रम संचालन गरिने । |
| | Land Value Index and Tax Calculator<br>• स्थानीय तहहरूलाई जग्गा मूल्यांकनका आधार र कर गणना विधि उपलब्ध गराइने । |

# २. आ.व. ०७६/७७ मा कोषद्वारा संचालित कार्यक्रमहरूको समीक्षा

## २.१ नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरण (TDP-II & III)

नगरहरूको पूर्वाधार विकासमा एक सक्षम दीर्घकालिन ऋण परिचालन गर्ने वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा नगर विकास कोषलाई स्थापित गराउने र शहरी पूर्वाधारका क्षेत्रमा ऋण लगानी (Debt Financing) अवधारणामा नगरपालिकाका पूर्वाधार निर्माण तथा प्राविधिक सहयोग गर्ने उद्देश्यअनुरूप जर्मन विकास बैंक (के.एफ.डब्ल्यू.) ले सन् १९९५ देखि नगर विकास कार्यक्रम (Town Development Programme-TDP) मार्फत् वित्तिय सहायता प्रदान गर्दै आएको छ । नगर विकास कार्यक्रम–दोस्रो चरण अन्तर्गत ७.५५ मिलियन युरो र नगर विकास कार्यक्रम–तेस्रो चरण अन्तर्गत ७.५ मिलियन युरो अनुदान सहयोग अन्तर्गत यी कार्यक्रम संचालनमा रहेका छन् । नगरपालिकाहरूको वसपार्क, व्यावसायिक भवन, मनोरंजन पार्क, तरकारी बजार नगरपालिका भवन, सडक तथा ढल लगायतका शहरी पूर्वाधारहरूको विकासमा महत्वपूर्ण योगदान पुगेको छ । आ.व. २०७६/०७७ सम्म यस कार्यक्रम अन्तर्गत के.एफ.डब्ल्यू. तर्फ १ अर्ब २६ करोड ऋण र ३४ करोड अनुदान तथा नेपाल सरकारको म्याचिङ्ग फन्डतर्फ २२ करोड २ लाख अनुदान परिचालन गरिसकिएको छ । कोषले यस कार्यक्रमबाट संचालित आयोजनाहरूबाट फिर्ता भई आएको ऋणबाट स्थापित चक्रीय कोष (Revolving Fund) लाई नगरपालिकाहरूकै पूर्वाधार विकासमा पुनः ऋण परिचालन गरी नगर विकास कार्यक्रमलाई नगरपालिकाहरूको थप पूर्वाधार विकासका लागि निरन्तरता दिंदै आएको छ । यस कार्यक्रमको कार्य क्षेत्र विस्तार गरी मध्यपहाडी राजमार्ग तथा हुलाकी राजमार्ग आसपासका नगरपालिकाहरूमा कोषका कार्यक्रम संचालन गर्ने योजना रहेको छ ।

आ.व. २०७६/७७ का लागि यस कार्यक्रम अन्तर्गत संचालित शहरी पूर्वाधारका विभिन्न आयोजनामा रू. ४६ करोड लगानी गर्ने लक्ष्य रहेकोमा रू. २१ करोड ५९ लाख लगानी भएको छ । आ.व. ०७६/७७ मा चालु अवस्थामा रहेका जम्मा ११ वटा आयोजनाहरू मध्ये ५ वटा वसपार्क (विरगंज, विराटनगनर, भिमदत्त, विरेन्द्रनगर, र तुलसीपुर नगरपालिका) का आयोजनाहरू सम्पन्न भएका छन् । साथै गोरखा नगरपालिकामा व्यावसायिक भवन निर्माण आयोजनाको लागि रू. ४ करोड ९२ लाख ऋण स्वीकृत गरिएकोछ ।



*(फोटो नं. १ : नगर विकास कार्यक्रम तेस्रो चरण अन्तर्गत निर्माणाधिन भिमेश्वरको व्यावसायिक भवन)*

*तालिका नं. १ आ.व. २०७६/७७ मा यस कार्यक्रम अन्तर्गत चालु अवस्थामा रहेका आयोजनाहरू :*

| सि.नं. | नगरपालिका | आयोजनाको नाम | कुल लागत रू. |
|---|---|---|---|
| १ | नेपालगंज | वसपार्क | १३९,३८७,४१८.९० |
| २ | वुटवल | स्कुल भवन तथा स्थनीय उत्पादन केन्द्र | ११,९०७,२५२.०० |
| ३ | भिमेश्वर | व्यावसायिक भवन | १०३,०२९,६३०.६४ |
| ४ | बाग्लुङ्ग | वसपार्क | ७६,९२०,३६२.३२ |
| ५ | धुलिखेल | व्यावसायिक भवन | १०,७८७,०७४.४३ |

## २.२ तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (STWSSSP-III)

नेपाल सरकार र एसियाली विकास बैंकको वित्तीय सम्झौता अनुसार साना सहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत यो तेस्रो चरणको आयोजना हो । यस आयोजनाको ब्यवस्थापन तथा संचालन आयोजना ब्यवस्थापन कार्यालय, खानेपानी तथा ढल ब्यवस्थापन विभाग मार्फत हुने गरी आयोजनाको कुल लागतको ७० प्रतिशत अनुदान स्वरूप आयोजना ब्यवस्थापन कार्यालयवाट खर्चहुने र वाँकी ३० प्रतिशत मध्येः ५ प्रतिशत उपभोक्ताहरूको योगदान वापत र वाँकी २५ प्रतिशत नगर विकास कोषवाट उपभोक्ता संस्थालाई ऋण स्वरूप २५ वर्षका लागि उपलब्ध गराउने लागत असुली वित्तीय विधि अनुसार लगानी गरिदै आएको छ । छनौटमा परेका २० वटा साना शहरहरूमा खानेपानी आपूर्ति व्यवस्थापनका आयोजनाहरू खानेपानी तथा सरसफाई उपभोक्ता संस्था मार्फत संचालन हुने गरी अघि बढाईएको यस कार्यक्रम अन्तर्गत खानेपानी तथा सरसफाई आयोजनाहरूका लागि कूल आयोजना लागत ६ करोड अमेरिकी डलर मध्ये कोष मार्फत खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरू लाई १ करोड ८० लाख अमेरिकी डलर (अर्थात करीव १ अर्व ८० करोड) ऋण लगानी गर्ने लक्ष्य राखिएको छ । आ.व २०७६/७७ सम्म यस कार्यक्रम अन्तर्गत रू. १ अर्व ४३ करोड ५८ लाख ऋण परिचालन गरिसकिएको छ भने २० वटा आयोजनाहरू मध्ये १९ वटा भौतिक रूपमा सम्पन्न भैसकेको र बाँकी एक वटा आयोजना विदुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना निमार्णाधिन अवस्थामा रहेको छ ।




*(फोटो नं. २ : निर्माणाधिन विदुर साना शहरी खानेपानी आयोजना)*

आ.व २०७६/७७ मा रू.२० करोड लगानी गर्ने लक्ष्य लिएकोमा रू. १३ करोड ३ लाख लगानी भएको छ । साथै यस कार्यक्रम अन्तर्गतका क्रमागत आयोजना लालबन्दी साना शहरी खानेपानी तथा सरसफाई आयोजना र सुडा साना शहरी खानेपानी तथा सरसफाई आयोजना मा भएको लागत बृद्धिका कारण रू. ४ करोड १३ लाख थप ऋण स्वीकृत गरिएको छ । साथै आ.व. ०७६/७७ मा यसै आयोजनाबाट लगानी गर्ने गरी प्रथम, दोस्रो र तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गतका १२ वटा आयोजनाहरूमा देखिएका प्राविधिक समस्याहरूको न्यूनीकरण गरी उपभोक्ताहरूलाई सहज ढंगबाट खानेपानी सेवा उपलब्ध गराउने तथा कोषको ऋण असुलीको अवस्था प्रक्रियामा समेत सहयोग प्रदान गर्ने उद्देश्यले स्तरोन्नती कार्यक्रम मार्फत सहयोग गर्ने गरी १२ वटा आयोजनाको स्तरोन्नतीका लागि रू. ५ करोड ४४ लाख ऋण स्वीकृत भएको छ ।

***तालिका नं. २*** *आ.व. ०७६/७७ मा स्तरोन्नतीका लागि स्वीकृत साना शहरी खानेपानी तथा सरसफाई आयोजनाहरू:*

| सि. नं | आयोजनाहरू | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | सितलपाटी खलंगा (STWSSSP-III) | ४,०९१,०००.०० |
| २ | महेन्द्रनगर (STWSSSP-I) | २,९४६,५००.०० |
| ३ | आदर्शनगर भासी (STWSSSP-II) | ३,२६९,५००.०० |
| ४ | बृहत्त विजुवार (STWSSSP-I) | ७,६३५,५००.०० |
| ५ | फिदिम (STWSSSP-II) | १,९५६,२५०.०० |
| ६ | वेलवारी (STWSSSP-I) | १,८६१,५००.०० |
| ७ | विर्तामोड (STWSSSP-I) | ४,५९१,५००.०० |
| ८ | खाँदवारी (STWSSSP-II) | ९,६०४,७५०.०० |
| ९ | बैतडी (STWSSSP-II) | २,७८३,५००.०० |
| १० | टिकापुर (STWSSSP-III) | ५,५६०,०००.०० |
| ११ | दुहवी (STWSSSP-II) | २,१३५,७५०.०० |
| १२ | वालिङ्ग (STWSSSP-I) | ८,००७,०००.०० |



*(फोटो नं. ३ : निर्माणाधिन बिजुबार साना शहरी खानेपानी आयोजना-स्तरोन्नती)*

## २.३ शहरी खानेपानी तथा सरसफाई आयोजना (UWSSSP)

एशियाली विकास बैंकको सहयोगमा नेपालका विभिन्न शहरहरूमा २० वटा सहआयोजना ब्यवस्थापन तथा संचालन, आयोजना ब्यवस्थापन कार्यालय, खानेपानी तथा ढल ब्यवस्थापन विभाग मार्फत हुने गरी सुरक्षित खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन नगर विकास कोषवाट २५ प्रतिशत सम्म ऋण, उपभोक्तावाट ५ प्रतिशत र नेपाल सरकारवाट ७० प्रतिशत अनुदान लगानी गरी लागत असुली अवधारणमा संचालन भैरहेको छ । यस आयोजनाको कूल लगानी १७ करोड ८५ लाख अमेरिकी डलर मध्ये छनौट भएका २० वटा आयोजनाका लागि कोष मार्फत १ करोड ९० लाख अमेरिकी डलर (अर्थात करीव रू. १ अर्व ९० करोड) ऋण लगानी गरिने छ ।

आ.व. २०७६/७७ मा यस कार्यक्रम अर्न्तगत रू. ५५ करोड लगानी गर्ने लक्ष्य भएकोमा रू. ३१ करोड ४४ लाख लगानी भएको छ । साथै यस अवधिमा थप ३ वटा आयोजनाका लागि रू. ६० करोड २४ लाख ऋण स्वीकृत भएको छ ।

***तालिका नं. ३:*** *आ.व. ०७६/७७ मा यस आयोजना अन्तर्गत चालु अवस्थामा रहेका आयोजनाहरू:*

| सि.नं | आयोजनाहरू | कोषको ऋण रकम रू. (कूल लागतको २५ %) |
|---|---|---|
| १ | चरिकोट साना शहरी खानेपानी तथा सरसफाई आयोजना | १७९,५५८,७५०.०० |
| २ | सिलुचुङ्ग साना शहरी खानेपानी तथा सरसफाई आयोजना | १२४,४९९,५००.०० |
| ३ | इलाम साना शहरी खानेपानी तथा सरसफाई आयोजना | १४४,८७६,७५०.०० |
| ४ | रम्भाखोला माझीखोला साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ५६,३८९,५००.०० |
| ५ | चैनपुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ५८,१२५,०००.०० |
| ६ | रोल्पा साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ६९,३७५,०००.०० |
| ७ | शुभघाट साना शहरी खानेपानी तथा सरसफाई आयोजना | १२५,६२५,०००.०० |
| ८ | सिद्धनाथ बभ्निनाथ साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ५८,१२५,०००.०० |



*(फोटो नं. ४ : सिलुचुङ्ग खानेपानी तथा सरसफाई आयोजनाको निर्माणाधिन संरचना )*

***तालिका नं. ४:*** *आ.व. ०७६/७७ मा यस आयोजना अन्तर्गत स्वीकृत आयोजनाहरू:*

| सि.नं | आयोजनाहरू | स्वीकृत ऋण रकम रू. (कूल लागतको २५ %) |
|---|---|---|
| १ | प्रगतिनगर शहरी खानेपानी तथा सरसफाई आयोजना | ७३,७४९,०००.०० |
| २ | सुनकोशी शहरी खानेपानी तथा सरसफाई आयोजना | ३३३,८५८,५००.०० |
| ३ | देउराली हुप्सेकोट शहरी खानेपानी तथा सरसफाई आयोजना | १९४,८७२,५००.०० |



*(फोटो नं. ५ : शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत प्रगतिनगर शहरी खानेपानी तथा सरसफाई आयोजनाको निर्माणका लागि कोष र प्रगतिनगर खानेपानी तथा सरससफाई उपभोक्ता संस्था बीच ऋण सम्झौता कार्यक्रम)*

## २.४ सह–लगानी (Co-Finance) खानेपानी तथा सरसफाई आयोजना

एशियाली विकास बैंकको सहयोगमा ७० वटा साना शहरहरूमा व्यवस्थित तथा सुरक्षित खानेपानी तथा सरसफाई आयोजनाको सफल कार्यान्वयन र यसको प्रभावकारीता लाई मध्येनजर गरी नेपाल सरकारले आफ्नो स्रोतबाट लगानी गर्ने गरी यस कार्यक्रमलाई निरन्तरता दिई थप साना शहरहरूमा खानेपानी आपूर्तिका आयोजनाहरू संचालनका लागि कोषवाट बढीमा २५ प्रतिशत ऋण लगानी, उपभोक्तावाट ५ प्रतिशत नगद योगदान र नेपाल सरकारवाट ७० प्रतिशत अनुदान लगानी हुने ब्यवस्था बमोजिम सह-लगानीको अवधारणामा यो आयोजना संचालनमा रहेको छ । यस आयोजना अन्तर्गत आ.व. २०७६/७७ मा रू. १९ करोड लगानी गर्ने लक्ष्य राखिएकोमा रू. ७ करोड ४ लाख लगानी भएको छ । साथै यस अवधिमा थप २ वटा आयोजनाका लागि रू. ४ करोड ५ लाख ऋण स्वीकृत भएको छ ।

***तालिका नं. ५:*** *आ.व. ०७६/७७ मा यस आयोजना अन्तर्गत चालु आयोजनाहरू:*

| सि.नं | आयोजनाहरू | कोषको ऋण रकम रू. (कूल लागतको २५ %) |
|---|---|---|
| १ | पर्वत वेनी सहलगानी खानेपानी तथा सरसफाई आयोजना | २६,२०४,५००.०० |
| २ | विन्दवासिनी सहलगानी खानेपानी तथा सरसफाई आयोजना | २२,८२८,२५०.०० |
| ३ | कपासेटार सहलगानी खानेपानी तथा सरसफाई आयोजना | ३४,५०१,८००.०० |
| ४ | बाग्लुङ्ग सहलगानी खानेपानी तथा सरसफाई आयोजना | ७५,६६२,७५०.०० |
| ५ | लेखनाथ सहलगानी खानेपानी तथा सरसफाई आयोजना | ४५,४३०,५००.०० |
| ६ | बेंसीसहर सहलगानी खानेपानी तथा सरसफाई आयोजना | ४१,४८१,७५०.०० |



*(फोटो नं. ६ : सह-लगानी: नारायणी खानेपानी तथा सरसफाई आयोजनाको निर्माणाधिन संरचना )*

***तालिका नं. ६:*** *आ.व. ०७६/७७ मा यस आयोजना अन्तर्गत स्वीकृत आयोजनाहरू:*

| सि.नं | आयोजनाहरू | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | वयरघारी खानेपानी तथा सरसफाई आयोजना | १४,४३७,०००.०० |
| २ | नारायणी खानेपानी तथा सरसफाई आयोजना | २६,१००,०००.०० |

## २.५ मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (STIUEIP)

एशियाली विकास बैंकको सहयोग एवं शहरी विकास तथा भवन निर्माण विभागसँगको सहकार्यमा सन् २०१२ देखि संचालित मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (Secondary Towns Integrated Urban Environmental Improvement Project- STIUEIP) आ.व.०७६/७७ देखि आयोजनको अवधि सम्पन्न भएको छ । यस कार्यक्रमका लागि लक्षित लगानी कूल रकम १० करोड ६० लाख अमेरिकी डलर (अर्थात करीव रू. १० अर्व) मध्ये नगर विकास कोष मार्फत १ करोड २७ लाख अमेरिकी डलर (करीव रू. १ अर्व २० करोड) ऋण लगानी गर्ने लक्ष्य रहेको थियो । यस आयोजनाको अवधिभर विराटनगर, बीरगंज र वुटवल नगरपालिकाहरूमा वातावरणीय सुधार सम्बन्धी पूर्वाधार आयोजनाहरू तथा काभ्रे उपत्यका भित्रका वनेपा, धुलिखेल र पनौती नगरपालिकाहरूमा एकीकृत खानेपानी आयोजनामा कोषबाट रू. १ अर्व ७ करोड ५७ लाख ऋण परिचालन भएको छ । मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना नेपाल

सरकार र एशियाली विकास बैंक विच भएको सम्झौता वमोजिम आ.व. ०७६/७७ देखि सम्पन्न भएको छ ।

यस कार्यक्रम अन्तर्गतका आयोजनाहरूमा आ.व. ०७६/७७ मा रू. १५ करोड लगानी गर्ने लक्ष्य रहेकोमा रू. १० करोड २३ लाख लगानी भई लक्ष्यको ६८ प्रतिशत प्रगति भएको छ । यस आ.व.मा क्रमागत आयोजनाहरूमा भएको लागत बृद्धि (Cost Variation) का कारणले थप रू. २३ करोड ६४ लाख ऋण स्वीकृत गरिएको थियो । यस कार्यक्रम अन्तर्गत संचालित काभ्रे उपत्यका (वनेपा, धुलिखेल र पनौती नगरपालिका) मा संचालित एकीकृत खानेपानी आयोजना नेपाल सरकार र एशियाली विकास बैंक बीच भएको सम्झौता वमोजिमको समयावधि भित्र पूर्णरूपमा सम्पन्न हुन बाँकी नगरपालिमा रहेको आयोजनालाई सम्पन्न गर्न नगरपालिका, नेपाल सरकार तथा कोषबाट बजेट व्यवस्था गरी आयोजना अगाडी बढाइएको छ ।

## २.६ एकीकृत शहरी विकास आयोजना (IUDP)

एशियाली विकास बैंकको सहयोग एवं शहरी विकास तथा भवन निर्माण विभागसँगको सहकार्यमा सन् २०१२ देखि संचालित एकीकृत शहरी विकास आयोजना (Integrated Urban Development Project-IUDP) आ.व.०७६/७७ देखि सम्पन्न भएको छ । यस कार्यक्रमका लागि आयोजना अवधिभरमा हुने कूल लगानी ८ करोड २९ लाख ६० हजार अमेरिकी डलर (अर्थात करीव रू. ८ अर्व ८८ करोड) मध्ये कोष मार्फत रू. १ करोड ३३ लाख अमेरिकी डलर (करीव रू. १ अर्व २६ करोड) बराबरको ऋण लगानी गर्ने लक्ष्य रहेको थियो । कोषले यस कार्यक्रम अन्तर्गत नेपालगंज, सिद्धार्थनगर, जनकपुर एवं धरान नगरपालिकाहरूमा वातावरणीय सुधार तथा खानेपानी व्यवस्था सम्बन्धी आयोजनाहरूका लागि रू. १ अर्व ७ करोड ३७ लाख ऋण परिचालन गरेको छ । एकीकृत शहरी विकास आयोजना नेपाल सरकार र एशियाली विकास बैंक विच भएको सम्झौता वमोजिम आ.व. ०७६/७७ देखि सम्पन्न भएको छ ।

आ.व. ०७६/७७ मा यस आयोजना अन्तर्गतका निर्माणको अन्तिम चरणमा रहेका आयोजनामा रू. १५ करोड लगानी गर्ने लक्ष्य रहेकोमा रू. २ करोड ८९ लाख लगानी गरिएको छ ।

## २.७ शहरी पूर्वाधार विकास लगानी आयोजना (UIDP)

नगरपालिकाहरूमा आर्थिक क्रियाकलाप बृद्धि गरी, स्थानीय तहमा रोजगारी सृजना हुने र नगरपालिकाको निमित्त दिगो आम्दानीको स्रोत बन्न सक्ने आयोजनाका लागि नगरपालिकाको आफ्नो लगानी र यस कोषको तर्फवाट ऋण मात्र परिचालन हुने गरि संचालित यस शहरी पूर्वाधार विकास आयोजनामा आ.व. २०७६/७७ रू. १ अर्व बजेट विनियोजन गरिएको थियो ।

यस आयोजना अन्तर्गत नगरपालिकाहरूबाट प्रस्तावित आयोजनाहरूको जग्गाको स्वामित्वका सम्बन्धमा नीतिगत व्यवस्थाको अन्योलता तथा प्रस्तावित आयोजनाहरूको गुणस्तरीय DPR को अभाव लगायतका समस्याहरूले गर्दा लक्षित रू. १ अर्वको बजेट मध्ये रू. १० करोड ६७ लाख मात्र लगानी हुन सक्यो । आ. ब. ०७६/७७ मा यस आयोजना अन्तर्गत थप ७ वटा आयोजनाका लागि रू.७१ करोड ३२ लाख ऋण स्वीकृत भएको छ ।



*(फोटो नं. ७ : हरिवन नगरपालिका स्थित बजार क्षेत्र विकास आयोजनाको निर्माणाधिन संरचना )*

***तालिका नं. ७:*** *आ.व. ०७६/७७ मा यस आयोजना अन्तर्गत चालु आयोजनाहरू :*

| सि.नं. | आयोजनाहरू | कोषको ऋण रकम रू. |
|---|---|---|
| १ | लालबन्दी व्यावसायिक भवन | ७५,२००,०००.०० |
| २ | हरिवन मार्केट एरिया डेभलपमेन्ट | १२८,०००,०००.०० |
| ३ | व्यावसायिक भवन विस्तार, वुटवल | ७१,६७९,०००.०० |

***तालिका नं. ८:*** *आ.व. ०७६/७७ मा यस आयोजना अन्तर्गत स्वीकृत आयोजनाहरू :*

| सि.नं | आयोजनाहरू | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | ईलाम फन पार्क | ३३,५३०,०००.०० |
| २ | वेलवारी व्यावसायिक भवन | १४०,६३६,०००.०० |
| ३ | रिसोर्ट सहित वाग्मती पार्क, सर्लाही | ११९,९५९,५००.०० |
| ४ | नयाँ बजार रिडेभलप्मेन्ट तथा स्थानीय उत्पादन केन्द्र, लाहन | १२२,६६५,६००.०० |
| ५ | व्यावसायिक भवन निर्माण, जिरी | ७०,०००,०००.०० |
| ६ | विरेन्द्रसभा गृह पुर्ननिर्माण, विराटनगर | १११,१७०,०००.०० |
| ७ | सिटी हल, कमलामाई | ११५,२८१,६००.०० |



*(फोटो नं. ८ : शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत व्यावसायिक भवन निर्माणका लागि जिरी नगरपालिका र नगर विकास कोष बीच ऋण सम्झौता कार्यक्रम)*

आ.व. ०७६/७७ मा यस कार्यक्रमका लागि कोषको स्रोत परिचालनलाई थप सुनिश्चित गर्न एवं स्थानीय तहले तयार गरेका आयोजना समेत संलग्न गरी आयोजना बैंक तयार गरिने कार्यनीति वमोजिम नगरपालिकाहरूबाट आयोजनाहरूको माग गरी करीव रू. १३ अर्व बराबरका आयोजना बैंक (Project Bank) तयार भएको ।




# नगर विकास कोषका आयोजना संचालन



## भएका नगरपालिका तथा साना शहरहरू

| विवरण | नगरपालिकाको संख्या | साना शहर खानेपानी र सरसफाई क्षेत्र परियोजनाको संख्या |
|---|---|---|
| प्रदेश नं. १ | १९ | २१ |
| प्रदेश नं. २ | १५ | ६ |
| बागमती प्रदेश | १८ | १३ |
| गण्डकी प्रदेश | ७ | २३ |
| लुम्बिनी प्रदेश | १५ | १२ |
| कर्णाली प्रदेश | २ | ६ |
| सुदूरपश्चिम प्रदेश | ७ | १३ |
| जम्मा | ८३ | ९४ |



# ३. नगर विकास कोष र अन्तर्राष्ट्रिय संघ संस्थाको सहकार्यमा संञ्चालित कार्यक्रमहरू

## ३.१ नेपाल उर्जा दक्षता कार्यक्रम-तेस्रो चरण (Nepal Energy Efficiency Programme-III Phase) कार्यक्रम

### कार्यक्रमको अवधारणा

नेपालको राष्ट्रिय लक्ष्यको रूपमा रहेको ऊर्जा दक्षता कार्यक्रम हाम्रो जस्तो विकासोन्मुख देशका नागरिकहरूको दैनिक जन–जीवनमा, कलकारखानाहरूमा तथा सार्वजनिक पुर्वाधारहरूमा प्रयोग हुने उर्जा खपतमा कमि ल्याउने र भएका उर्जाको उच्चतम ढंगले सहि उपयोग गर्नु रहेको छ । यस कार्यक्रम मार्फत नगरपालिका तथा अन्य सार्वजनिक स्वमित्वका पुर्वाधारहरू जस्तै खानेपानी आयोजना, सिंचाई आयोजना, सडक वत्ति, सिटि हल, अस्पताल, कार्यालय भवन लगाएतका आयोजनाहरू तर्जुमा गर्ने चरण देखि नै उर्जा दक्षताको अवधारण समाबिष्ट हुन आवश्यक रहेको छ । यस अवधारणाले गर्दा परम्परागत भन्दा न्यून संचालन तथा मर्मत खर्च लाग्ने र आयोजनाको दिगोपन तथा सेवा विस्तारमा मद्दत पुग्ने देखिन्छ ।

यसै सन्दर्भमा, नेपाल सरकार र संघीय गणतन्त्र जर्मनी सरकार बीचको दुईपक्षीय सम्झौता बमोजिम नेपालमा ऊर्जा दक्षता प्रबर्द्धन गर्न सन् २०१० देखि नेपाल ऊर्जा दक्षता कार्यक्रम संचालनमा रहेको छ । नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय मातहत संचालनमा रहेको सो कार्यक्रमको दोस्रो चरण देखि नै सार्वजनिक पुर्वाधारहरूमा उर्जा दक्षताको बजार प्रबर्द्धन गर्ने उद्वेश्यका साथ नगर विकास कोष आबद्ध रहदै आएको छ ।

हाल नेपाल ऊर्जा दक्षता कार्यक्रमको तेस्रो चरणमा समेत सो कार्यक्रमको कम्पोनेन्ट-३ अन्तर्गत सार्वजनिक पुर्वाधारहरूमा उर्जा दक्षताको बजार प्रबर्द्धन र सेवा विस्तार गर्ने उद्देश्यका साथ नगर विकास कोषको लगानी रहेका र अन्य सार्वजनिक आयोजनमाहरूमा ऊर्जा दक्षता सम्बन्धी विभिन्न कार्यक्रम संचालन भैरहेका छन् ।

### कार्यक्रमको उद्देश्य

नगर विकास कोषबाट ऋण लगानी भएका सार्वजनिक पूर्वाधारहरूमा ऊर्जा दक्षताको बजार प्रवर्द्धन लगायत किफायति र दक्षताका साथ ऊर्जाको प्रयोग गरि आयोजनाको संचालन खर्चलाई कटौती गर्ने र वातावरण संरक्षणमा समेत मद्दत पुऱ्याउने यस आयोजनाको मुख्य उद्देश्य रहेको छ ।

सार्वजनिक पूर्वाधारहरूमा ऊर्जा दक्षताको प्रबर्द्धन तथा विकासको लागि साझेदारी निकायहरू संगको सहकार्यमा ऊर्जा ब्यवस्थापन योजना तयार गरि कार्यान्वयन तह सम्म पुग्ने लक्ष्य लिएको छ ।

### वित्तीय स्रोत साधन

नेपाल सरकार र जर्मनी सरकार बीचको दुईपक्षीय सम्झौता बमोजिम जर्मन प्राविधिक सहयोग (GIZ) को प्राविधिक सहयोगमा कार्यान्वयनका लागि वित्तीय सम्झौता सहित नेपाल उर्जा दक्षता कार्यक्रम सञ्चालन हुँदै आएको छ । नेपालमा ऊर्जा दक्षता प्रवर्धन गर्ने एक प्राविधिक सहयोगको कार्यक्रम हो र यसका लागि नगर विकास कोष लगायत कार्यक्रम कार्यान्वयनमा सहयोगी संस्थाहरू संग GIZ वाट छुट्टाछुटै वित्तीय सम्झौता गरि कार्यक्रम संचालन हुंदै आएको छ ।

### आ.व. २०७६/७७ को प्रगति

आ.व. ०७६/७७ मा गत आ.व. का कार्यक्रमहरूलाई निरन्तरता दिदैं ऊर्जा दक्षता प्रबर्द्धन र क्षमता विकासको अभिप्रायले विभिन्न क्षमता विकासका कार्यक्रमहरू सफलताका साथ संचालन भएको थियो । खानेपानी आयोजनाका व्यवस्थापक, प्राविधिक कर्मचारी,

नगरपालिकाका इन्जिनियर तथा प्राविधिक कर्मचारीलाई ऊर्जा अडिट तथा ऊर्जा व्यवस्थापन योजना सम्बन्धी तालिम, सार्वजनिक पूर्वाधारहरूमा ऊर्जा अडिट कार्य संचालनको लागि क्षेत्रिय विज्ञ मार्फत ऊर्जा अडिटरहरू लाई ३ दिने तालिम, विषय विज्ञहरू संग कोष वाट लगानी हुने ऊर्जा दक्षता युक्त आयोजनाहरूमा कसरी लगानी गर्दा प्रभावकारी हुन्छ भन्ने विषयको अन्तरक्रिया कार्यक्रम संचालन भएको थियो । यसका साथै यस आ.व.मा कार्यक्रमको उद्देश्य अनुरूप ४ वटा खानेपानी आयोजनामा ऊर्जा अडिटको कार्य सम्पन्न भएको र त्यस मध्य ३ वटा आयोजनाको ऊर्जा व्यवस्थापन योजना समेत तयार गरि कार्यन्वयन चरणमा रहेको छ ।

***तालिका नं. ९:*** *यस कार्यक्रम अन्तर्गत हालसम्म सम्पादन भएका ऊर्जा दक्षता तथा क्षमता विकास सम्बन्धी कार्यहरू :*

| क्र.सं. | कार्यहरू | सहभागीता | उपलब्धिहरू |
|---|---|---|---|
| १ | खानेपानी आयोजनाका व्यवस्थापक तथा प्राविधिक कर्मचारीहरूलाई ऊर्जा अडिट तथा ऊर्जा व्यवस्थापन योजना सम्बन्धी तालिम कार्यक्रम । | आयोजना/उपभोक्ता समिति - १८ वटा (महिला-१, पुरूष-३१ गरि जम्मा ३२ जना) सहभागीहरू । | ऊर्जा दक्षता, उर्जा अडिट र ऊर्जा व्यवस्थापन कार्ययोजनाको उपादयता महसुस भई कार्यन्वयनको चरणमा सहयोग पुग्ने । |
| २ | नगरपालिकाका इन्जिनियर तथा प्राविधिक कर्मचारीहरूलाई ऊर्जा अडिट तथा ऊर्जा व्यवस्थापन कार्ययोजना सम्बन्धी तालिम कार्यक्रम । | ११ वटा नगरपालिकाहरूबाट प्रतिनिधित्व गर्दै १४ जना सहभागीहरू । | ऊर्जा दक्षता, उर्जा अडिट र ऊर्जा व्यवस्थापन कार्ययोजनाको उपादयता महसुस भई कार्यन्वयन चरणमा सहयोग पुग्ने । |
| ३ | सार्वजनिक पुर्वाधारमा ऊर्जा अडिट सम्वन्धि ऊर्जा अडिटरहरूलाई पुनर्ताजगी प्रशिक्षण कार्यक्रम । | १६ जना दक्ष तालिम प्राप्त ऊर्जा अडिटरहरूलाई सार्वजनिक पूर्वाधारमा ऊर्जा अडिट सम्वन्धि प्रशिक्षण कार्यक्रम । | सार्वजनिक पुर्वाधारमा ऊर्जा अडिट गर्न सक्षम भएको । |
| ४ | ऊर्जा दक्षता सहितको सार्वजनिक पूर्वाधारका आयोजनाहरूमा लगानीको लागि आर्थिक अवधारणा तयारी सम्वन्धि गोष्ठी । | ३ जना विषय विज्ञ सहित कोषका पदाधिकारी, दातृ निकायका प्रतिनिधि तथा कर्मचारीहरू । | ऊर्जा दक्षता सहितको सार्वजनिक पूर्वाधारका आयोजनाहरूमा लगानीको लागि आर्थिक अवधारणा तयारीमा सहयोग । |
| ५ | सार्वजनिक पूर्वाधार/ खानेपानी आयोजनाहरूमा ऊर्जा अडिट कार्य । | ४ वटा खानेपानी आयोजनाहरू । | ४ वटा खानेपानी आयोजनाहरूमा ऊर्जा अडिट कार्य सम्पन्न । |
| ६ | सार्वजनिक पूर्वाधारका आयोजनाहरूको ऊर्जा व्यवस्थापन योजना तयारी तथा कार्यान्वयनमा प्राविधिक सहयोग । | ३ वटा खानेपानी आयोजनाहरू । | ३ वटा खानेपानी आयोजनाहरूमा ऊर्जा अडिट पश्चात ऊर्जा व्यवस्थापन योजना तयार । |
| ७ | NEEP/TDF डेस्क वाट प्राविधिक सेवा तथा परामर्श सेवा । | नगरपालिका, खानेपानी आयोजना तथा अन्य निकाय । | आवश्यक परामर्श सेवा तथा सेवा विस्तारमा सहयोग । |

## ३.२ संयुक्त राष्ट्र पूँजी विकास कोष संगको सहकाय (United Nations Capital Development Fund-UNCDF Cooperation)

नेपालको संबिधान २०७२ अनुसार नेपाल संघीय संरचनामा प्रवेश गरेको छ । २०७४ बैशाखमा सम्पन्न भएको स्थानीय तहको निर्वाचन मार्फत स्थानीय तहमा झन्डै २ दशक पश्चात जनप्रतिनिधिहरू निर्वाचित भएको नयाँ परिवेशमा स्थानीय तह/नगरपालिका र नगर विकास कोष समेतको वित्तीय व्यवस्थान क्षमता विकास गरी पुर्बाधार बिकासका लागि पुँजीगत लगानीका विभिन्न नविनतम बिधिहरू अबलम्बन गर्नका निमित्त नगर विकास कोष र संयुक्त राष्ट्र पूँजी विकास कोष (UNCDF) बीच आवश्यक सहकार्यको लागि मिति २५ मंसीर २०७४ (11 December 2017) मा समझदारी भई साझेदारी कार्यक्रमको २ वर्षे अवधि सम्पन्न भएको छ ।

यस २ वर्षको अवधिमा संयुक्त राष्ट्र संघ पूँजी विकास कोषको प्राविधिक सहयोगमा नगर विकास कोष तथा सहभागी १५ वटा नगरपालिकाहरूको वित्तीय व्यवस्थापन र क्षमता अभिबृद्धि समबन्धी विभिन्न कार्यक्रमहरू लगायत शहरी पूर्वाधार विकासका लागि पूँजीगत लगानीका विभिन्न नविनतम् विधीहरूको अभ्यास शुरू गरिएका छन् ।

यस सम्बन्धी नेपालको शहरी पूर्वाधार विकासको लागि स्थानीय स्रोत परिचालन तथा वित्त व्यवस्थापनको क्षेत्रमा निरन्तरता दिन नगर विकास कोष र संयुक्त राष्ट्र पूँजीकोष बीच थप २ वर्षको अवधिका लागि सहकार्य गर्न अर्थ मंत्रालयको आवश्यक सहमतिको प्रक्रिया अगाडि बढेको छ ।

## ३.३ नगरपालिका बित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रम

नेपालको संबिधान २०७२ अनुसार मुलुक संघीय संरचनामा प्रवेश गरेको र २०७४ साल बैशाखमा सम्पन्न भएको स्थानीय तहको निर्वाचन मार्फत स्थानीय तहमा झन्डै २ दशक पश्चात जनप्रतिनिधिहरू निर्वाचित भएको नयाँ परिवेशमा स्थानीय तह (नगरपालिका) र नगर विकास कोष समेतको वित्तीय क्षमता विकास गर्ने कार्यक्रमको लागि नगर विकास कोषको तर्फ बाट नेपाल स्थित युरोपियन संघ (Delegation of the European Union to Nepal) को स्थानीय निकाय अनुदान शीर्षक ९ीयअबबि्ितजयचष्तष्भक त्जझबतष्अ द्यगमनभत ाष्लभ० अन्तर्गत नगरपालिका बित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रमको लागि मिति १६ पौष २०७५ (३१ दिसम्बर २०१८) मा नगर विकास कोष र युरोपियन संघ बीच अनुदान सहयोगमा सम्झौता सम्पन्न भएको थियो । यो कार्यक्रम जनवरी २०२३ सम्म संचालनमा रहनेछ भने यस कार्यक्रम संचालनको लागि डेलिगेशन अफ द युरोपियन युनियन टु नेपालले युरो १,९९६,१९१ र नगर विकास कोषले युरो १२०,४६३ व्यहोरिने छ ।

### कार्यक्रमको उद्देश्य

(क) नगरपालिकाहरूको दिर्घकालिन रणनीतिक योजनाहरूको विकास तथा अद्यावधिक गर्ने क्षमताको विकास गर्ने ।

(ख) नगरपालिकाहरूको लागि सुधारिएको शहरी पुर्बाधार तथा अन्य सेवाहरूको बिकासको लागि लगानी-योग्य आयोजनाहरूको तयारी गर्न क्षमता विकास गर्ने ।

(ग) नगरपालिकाहरूको समग्र वित्तीय व्यवस्थापन सुधार गर्न नगरपालिकाको क्षमताको विकास गर्ने ।

(घ) नगर विकास कोषमार्फत नगरपालिकहरूमा शहरी पुर्वाधार बिकासका लागी सार्वजनिक नीजि साझेदारी प्रवर्द्धन (PPP) सहित आयोजनाहरूमा पूँजीगत लगानी गर्नेक्षमताको विकास गर्ने ।

### आ.व. २०७६/७७ को प्रगति

आ.व. ०७६/७७ मा यस कार्यक्रम अन्तर्गत संचालन प्रस्तावित विभिन्न हुने क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरूलाई लाई कोभिड १९ ले पारेको प्रभावलाई मध्यनजरी यस कार्यक्रमलाई समयमा सम्पन्न गर्नका

लागि संशोधित कार्य योजना तयार गरिएको छ । यस आ.व.मा आयोजना संचालनका लागि आवश्यक सवारी साधन तथा अन्य सामग्रीहरू खरिदको कार्य सम्पन्न गरिएको छ भने आयोजना कार्यान्वयन ईकाई (PIU) स्थापना गर्ने कार्य अघि बढाईएको छ । आयोजनाका लागि आवश्यक परामर्शदाता छनौट प्राविधिक कारणले पहिलो चरण रद्द भई  पुनः छनौट प्रक्रिया कार्यान्वयनमा रहेको छ ।

## ३.४ हरित जलवायु कोष (Green Climate Fund)

### कार्यक्रमको अवधारणा

हरित जलवायु कोष संयुक्तराष्ट्र संघको जलवायु परिवर्तन सम्मेलन (UNFCC) द्वारा निर्देशित

एक बहुपक्षिय वित्तीय ईकाई हो । यो कोष विकासोन्मुख राष्ट्रहरूमा हरितगृह ग्याँस उत्सर्जन सीमित वा न्यूनीकरण गर्ने र वातावारणीय दृष्टिले जोखिमयुक्त समुदायहरूलाई जलवायु परिवर्तनका कारणले परेका प्रभावहरू प्रति अभ्यस्त बनाउन सहयोग गर्ने प्रतिबद्धताका साथ सन् २०१० मा स्थापना भएको हो, जसमा नेपाल लगायत १९४ राष्ट्रहरू सदस्य रहेका छन् ।

हरित जलवायु कोषले राष्ट्रहरूको हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन बिकासमा सहयोग गर्ने उद्देश्य लिएको छ । साथै यस कोषले विकासोन्मुख देशहरूले जलवायु परिवर्तन लगानीमा स्वामित्व र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण कार्यक्रम एवं  राष्ट्रिय कार्य योजनामा समायोजन गर्ने प्रयत्नलाई सम्बोधन गर्दछ ।

हरित जलवायु कोषले अनुकुलन र न्यूनीकरणका कार्यक्रमहरूमा सन्तुलन कायम गरी लगानी गर्ने लक्ष्य राखेको छ । यस अन्तर्गत ५० प्रतिशत लगानी बिशेषगरी जोखिमपूर्ण देश जसमाः अतिकम बिकसित मुलुक (LDC), सङ्टापुयुक्त मुलुक (SIDS) र अफ्रिकी मुलुकमा अनुकुलनका कार्यक्रमहरू लक्षित गरिएको छ ।

हरित जलवायु कोषको शासकीय संयन्त्रले प्रत्येक देशको जलवायु परिवर्तनसंग सम्बन्धित राष्ट्रिय नीति अनुरूपका कार्यक्रममा आर्थिक सहायता प्रदान गर्ने र राष्ट्रिय तहमा साझेदरीपूर्वक सहकार्य हुने  कुरा स्पस्ट पारेको छ । यसका लागि सबै विकासोन्मुख देशहरूले एउटा तोकिएको राष्ट्रिय निकाय (NDA) प्रस्तावित गरेका छन्, नेपालको सन्दर्भमा अर्थ मन्त्रालय अन्तर्गत राष्ट्रिय निकाय (NDA) रहेको छ । यसले हरित जलवायु कोषका बीचमा संचारको लागि सम्पर्क बिन्दुको रूपमा रहेर कार्य गर्दछ । यसै अनुरूप नेपालको सन्दर्भमा अर्थ मन्त्रालयले राष्ट्रिय निकाय (NDA) को रूपमा नेतृत्वदायी भूमिका निर्वाह गरि रहेको छ ।

### कार्यक्रमको उद्देश्य

हरित जलवायु कोषले राष्ट्रहरूको हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुल विकासमा सहयोग

गर्ने उद्देश्य लिएको छ । साथै यस कोषले विकासोन्मुखदेशहरूले जलवायु परिवर्तनमा लगानीमा स्वामित्व र जलवायु परिवर्तन न्यूनीकरण कार्यक्रम एवं राष्ट्रिय कार्ययोजनामा समायोजन गर्ने प्रयत्नलाई सम्बोधन गर्दछ ।

नगर विकास कोषले हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) प्राप्त गरी हरित जलवायु कोषको वित्तीय कोष परिचालन गरी नेपालमा जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरणका पुर्बाधार बिकासमा लगानी गर्ने लक्ष्य लिएको छ ।

### वित्तीय लगानी

हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) प्राप्त गरी जलवायु परिवर्तन अनुकुलन तथा न्यूनीकरणका पुर्बाधार विकासका लागि नगर विकास कोष मार्फत अनुदान (Grant), सरल ऋण (Concessional Loan) र ग्यारेन्टी (Guarantee)  का रूपमा वित्तीय कोष परिचालन गरी एउटा आयोजनाको लागि अमेरिकी डलर ५० देखि २५० मिलियन सम्मको लगानी गर्ने ।

### हाल सम्मको प्रगति

नगर विकास कोषले हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) को लागि तोकिएको ढांचामा बिस्तृत आवेदन प्रकृया (Online Accreditation Process) अगाडी बढाइएको छ । ७ खण्ड को अनलाईन आवेदन फारम, आवश्यक कागजातहरू सहित, पूर्ण रूपमा भरि

(upload) आवेदन बुझाउने कार्य सम्पन्न भई GCF बाट प्राप्त पहिलो दुई चरण आवेदन उपरको प्रश्नहरूको उत्तर दिने कार्य प्रकृया सम्पन्न समेत भएको छ । हाल प्रक्रिया बमोजिम GCF लाई आवश्यक शुल्क बुझाउन कोष तयारी अवस्थामा रहेको छ ।

नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय निकाय (NDA) बाट हरित जलवायु कोषको लागि राष्ट्रिय प्राथमिकता अनुसारको आयोजनाहरूको सूचीकरणको निमित्त मिति १५ कार्तिक २०७६, कान्तिपुर, राष्ट्रिय दैनिक पत्रिका मार्फत आब्हान भए अनुसार नगर विकास कोषको तर्फबाट जलवायु अनुकुलन र न्यूनीकरण सम्बन्धी दिगो (बिद्युत्तीय) सार्वजनिक यातायात, उर्जा दक्षता, सौर्य उर्जा, सिमसार (Wetland) संरक्षण तथा व्यवस्थापन, बहुउद्देशीय जल भण्डारण लगायतका विभिन्न ७ वटा आयोजनाहरूको लागि अवधारणा-पत्र (Concept Note) बुझाईएको छ ।

नगर विकास कोषको आफ्नै आन्तरिक स्रोतबाट काठमाडौँको चक्रपथमा बिद्युतीय बस (Electric Bus Rapid Transit – eBRT) सेवाको पूर्व संम्भाब्यता अध्ययन (Pre-feasibility Study) सम्पन्न गरी बिस्तृत सम्भाब्यता अध्ययनको निमित्त GCF को Project Preparation Facility (PPF) मा पहूँच पुर्‍याउने पहल भइ रहेको छ ।

साथै, GCF को निमित्त आयोजना तयारी (GCF project pipeline) का लागि GGGI (Global Green Growth Institute, UNCDF, DFID तथा GIZ संग सहकार्य भई रहेको छ ।

# ४. संस्थागत विकास तथा जनशक्ति व्यवस्थापन

आ.व. २०७६/७७ मा विश्व महामारीका रूपमा देखापरेको COVID-19 ले समग्ररूपमा सवै क्षेत्रमा प्रभाव पारेकाले कोषको विभिन्न कार्यक्रम तथा योजनाहरूमा यसको असर स्वाभाविकरूपमा पर्न गएकोछ । यद्यपी त्यसको वावजुद पनि कोषवाट निम्न कार्यहरू सम्पन्न भएका छन् :

(१) नेपाल सरकारको आ.व. ०७६/७७ को बजेट तथा कार्यक्रममा नगर विकास कोषलाई नेपाल शहरी पूर्वाधार विकास निगममा परिणत गरी नगर स्तरीय पूर्वाधार आयोजनाहरू निगमको वित्तिय लगानी र स्थानीय तहको साझेदारीमा संचालन गरिने लक्ष्य अनुसार **"शहरी पूर्वाधार विकास निगम ऐन, २०७६"** को मस्यौदा तयार गरी मन्त्रीपरिषदमा स्वीकृतीका लागि पेश गरिएको छ ।

(२) अर्थ मन्त्रालयको समन्वयमा कोष हरित जलवायु कोष (Green Climate Fund –GCF) बाट मानक संस्था (Accredited Institution) को मान्यता प्राप्त हुने क्रममा रहेको । GCF को स्रोत परिचालन गर्न ७ वटा आयोजनाहरूको अवधारणा पत्र तयार गरी अर्थ मन्त्रालय (NDA) मा पेश गरिएको ।

(३) नगर विकास कोषको कार्यकारी निर्देशक खुल्ला प्रतिस्पर्धाका आधारमा छनौट भई नयाँ नेतृत्व प्राप्त गरेकोछ ।

(४) कोषको कार्यक्षेत्रसंग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू UNCDF, CityNet, GiZ, ICMA, CDIA , Incheon National University संगको सञ्जाल निर्माण गर्ने तथा प्राविधिक सहयोग परिचालन गरिने कार्यनीति वमोजिम UNCDF मार्फत स्रोत परिचालनका लागि कोष र UNCDF बीच गरिने सम्झौताका लागि अर्थ मंत्रालयबाट सहमति प्राप्त भएको । साथै CityNet र CDIA संगको सहकार्यका लागि आवश्यक कार्य भैरहेको ।

(५) कोषको स्रोत परिचालनलाई थप सुनिश्चित गर्न एवं स्थानीय तहले तयार गरेका आयोजना समेत संलग्न गरी आयोजनाको बैंक तयार गरिने कार्यनीति वमोजिम नगरपालिकाहरूबाट आयोजनाहरूको माग गरी करीव रू. १२ अर्व बराबरका आयोजनाहरूको आयोजना बैंक (Project Bank) तयार भएको साथै विभिन्न नगरपालिकाबाट थप रू. १३ अर्व बराबरका पूर्वाधार सम्बन्धी आयोजनाहरूको माग भै आएको ।

(६) कोषको काम सुचारू रूपले सञ्चालन गर्नको लागि कोषमा आवश्यक संख्यामा कर्मचारीहरू रहने सक्ने ऐनको व्यवस्था अनुसार हाल कोषको स्वीकृत संगठन संरचना अनुसारका दरवन्दीमा प्रशासन, वित्त र प्राविधिक गरी तीन समूहका विभिन्न तहमा आवश्यक संख्यामा स्थायी, सेवा करार र विज्ञपरामर्शदाता कर्मचारीहरू कार्यरत रहेका छन् । यस आर्थिक वर्षमा नगर विकास कोषमा कोषको प्रशासकिय प्रमुखको रूपमा कार्यकारी तह, विशिष्ठ श्रेणीमा १ जना कार्यकारी निर्देशक, विभिन्न सेवाका व्यवस्थापन श्रेणी, तह-९ मा २ जना उप प्रबन्धक, विभिन्न सेवाका वरिष्ठ अधिकृत तह-८ मा ४ जना, विभिन्न सेवामा अधिकृत स्तर, तह-६ र ७ मा १६ जना र विभिन्न सेवाका सहायक स्तरमा १३ जना गरी जम्मा २७ जना स्थायी रूपमा कार्यत छन साथै श्रेणी विहिन सहयोगी स्तरमा १२ जना सेवा करारमा कार्यरत छन् ।

(७) एशियाली विकास बैंक मार्फत कोषलाई प्राप्त संस्थागत विकास सहयोग अन्तर्गत विभिन्न क्षेत्रका ६ जना विशेषज्ञ कोषमा परामर्श सेवा अन्तर्गत कार्यरत छन् । कोषको समय सापेक्ष संस्थागत विकासका लागि कोषले विभिन्न क्षेत्रका विषय विज्ञको सेवा लिने क्रममा युरोपियन युनियनको वित्तिय सहयोगमा नगरपालिकाहरूका वित्त तथा क्षमता विकास कार्यक्रम अन्तर्गत विभिन्न क्षेत्रका विषय विज्ञको परामर्श सेवा प्राप्त यस कार्यक्रममा अन्तर्गत हाल दुई जना विज्ञको परामर्श सेवा प्राप्त भै रहेको छ भने अन्य ३ जना विज्ञको नियुक्तिको प्रक्रिया अगाडि बढेको छ । साथै उर्जा दक्षता कार्यक्रम अन्तर्गत दातृ निकायको स्रोतमा वैदेशिक विकास साझेदारको प्राविधिक सेवा लिइएको छ र एकजना विज्ञको सेवा प्राप्त भैरहेको छ । कोष निगममा रूपान्तरणको क्रममा रहेकाले सो अनुसारको जनशक्ति व्यवस्थापन तथा संगठन संरचनाको लागि कोषले संगठन संरचना सर्वेक्षण Organizational Development लागि परामर्श सेवा लिई आवश्यक कार्य अगाडि बढाएको छ ।

# ५. कोषको वित्तीय अवस्था

## ५.१ आयोजनाहरूमा ऋण तथा अनुदान लगानी:

आ.व. २०७६/७७ का लागि तय गरिएका विभिन्न कार्यक्रम तथा आयोजनाहरूका लागि नेपाल सरकारको रू. ९ करोड र जर्मन विकास बैंक के.एफ.डब्ल्यूको रू. ३७ करोड गरी जम्मा रू. ४६ करोड अनुदान र नेपाल सरकार, दातृ निकाय तथा कोषको आफ्नो पूँजी कोष समेतबाट रू. २ अर्व २४ करोड ऋण गरी कुल रू. २ अर्व ७० करोड लगानी गर्ने लक्ष्य राखिएकोमा आ.व. ०७६/७७ मा कोषबाट रू. ८९ करोड २३ लाख १७ हजार ऋण र ७ करोड ६९ लाख ३२ हजार अनुदान गरी जम्मा रू. ९६ करोड ९३ लाख लगानी भएको छ ।

## ५.२ ऋण असुली :

कोषले विभिन्न नगरपालिका तथा साना शहरहरूमा शहरी पूर्वाधारा तथा खानेपानी आपूर्ति निर्माणका आयोजनाहरूमा गरेको ऋण लगानी मध्ये आ.व. २०७६/७७ मा उठाउनु पर्ने साँवा तथा व्याज जम्मा रू. १ अर्व १० करोड ७९ लाख रहेकोमा आ.व. ०७६/७७ रू. ६६ करोड ९७ लाख ३६ हजार (६२.२५ प्रतिशत र लेखारिक्षण हुन बाँकी) असुल भएको छ ।

## ५.३ ऋण भुक्तानी:

कोषले विभिन्न दातृ निकायहरू मार्फत संचालित कार्यक्रम तथा आयोजनाहरूका लागि नेपाल सरकारबाट प्राप्त भएको ऋणको साँवा तथा ब्याज भुक्तानी गर्नुपर्ने व्यवस्था रहे वमाजिम आ.व. ०७६/७७ मा भुक्तानी गर्नुपर्ने साँवा तथा ब्याज रू. १७ करोड ५२ लाख भुक्तानी गर्ने लक्ष्य रहेकोमा रू. १७ करोड ७७ लाख ८२ हजार भुक्तानी गरी लक्ष्यको १०१ प्रतिशत प्रगति भएको छ ।

## ५.४ आम्दानी:

कोषको व्यवसाय संचालनवाट हुने नियमित आम्दानी र संस्थागत विकासका लागि प्राप्त हुने अनुदान आम्दानी समेतवाट आ.व. २०७६/७७ मा कूल रू. ५७ करोड १६ लाख ६० हजार आम्दानी हुने अनुमान गरिएकोमा जम्मा रू. ६५ करोड ८ लाख ९७ हजार आम्दानी हुन गएको छ ।

## ५.५ कूल सञ्चालन खर्च:

आ.व. २०७६/७७ मा कोषको व्याज खर्च, कर्मचारी खर्च, कार्यालय संचालन खर्च, व्यवसाय प्रवर्द्धन, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च, संस्थागत विकास कार्यक्रम खर्च तथा गैर संचालन खर्च गरी कूल खर्च रू. २६ करोड ६१ लाख ६० हजार हुने अनुमान गरिएकोमा कूल रू. २० करोड ९९ लाख ६० हजार खर्च भएको छ ।

## ५.६ वचत:

आ.व. ०७६/७७ मा कूल आम्दानी रू. ५७ करोड १६ लाख ६० हजारमा रू. २६ करोड ६१ लाख ६० हजार कूल खर्च भई रू. ३० करोड ५५ लाख वचत भई उक्त वचत रकमबाट रू. ८ करोड कर तिर्ने लक्ष्य राखि खुद वचत रू. २२ करोड ५५ लाख हुने अनुमान गरिएकोमा वास्तविक कूल आम्दानी रू. ६५ करोड ८ लाख ९७ हजार, कुल खर्च रू. २० करोड ९९ लाख ६० हजार र वचत रू. ४४ करोड ९ लाख ३८ हजार भएको छ । उक्त वचतमा कर वापत रू. ९ करोड ६२ लाख ५ हजार तिरी रू. ३४ करोड ४७ लाख ३२ हजार वचत भएको छ ।

## ५.७ पूँजी बृद्धिः

आ.व. २०७५/७६ सम्ममा कोषको वास्तविक पूँजी रू. ५ अर्व ६१ करोड ३२ लाख ५४ हजार थियो भने आ.व. ०७६/७७ मा कूल पूँजी कोष रू. ६ अर्व ८ लाख ६३ हजार पुग्ने अनुमान गरिएको थियो । यस आ.व. ०७६/७७ मा कूल पूँजी रू. ५ अर्व ८८ करोड २५ लाख ७९ हजार पुगेको छ ।

आ.व. २०७६/७७ को अन्तिम लेखा परिक्षणको कार्य सम्पन्न हुने चरणमा रहेको छ ।



## तालिका नं. १०: आ.व. २०७६/७७ को अनुदान तथा ऋण लगानी लक्ष्य तथा प्रगति

रू. हजारमा

| सि.नं | स्रोत | | कार्यक्रम/ आयोजना | आयोजना संख्या | अवधि | लक्ष्य (लगानी) | | | | | | | प्रगति | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नेपाल सरकार | | बैदेशिक | | नवि कोष | | जम्मा | सम्पन्न आयोजना | लगानी स्वीकृत आयोजना | नेपाल सरकार | | बैदेशिक | | नवि कोष | | जम्मा | प्रतिशत |
| | | | | | | अनुदान | ऋण | अनुदान | ऋण | अनुदान | ऋण | | | | अनुदान | ऋण | अनुदान | ऋण | अनुदान | ऋण | | |
| १ | केएफ. डब्ल्यू | ११ | नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरण | १२ | सन् २०२० डिसेम्वर सम्म | | | ३७०,००० | - | - | - | ३७०,००० | ६ | १ | - | - | १९८,१५८ | - | - | - | १९८,१५८ | ५४% |
| | | १२ | नेपाल सरकार म्याचिङ्ग अनुदान | | | ४०,००० | | | | | | ४०,००० | | | १५,१५९ | | | | | | १५,१५९ | ३८% |
| २ | | २१ | नेपाल सरकार अनुदान (अध्ययन तथा अनुसन्धान परामर्श सेवा) | १५ | सालवसाली | ५०,००० | | | | | | ५०,००० | | | २,६१९ | | | | | | २,६१९ | ५% |
| ३ | एशियाली विकास बैक | | तेस्रो साना सहरी खाने पानी तथा सरसफाई आयोजना | २० | सन् २०२१ सम्म | - | | | २००,००० | | | २००,००० | १९ | | | | | १३०,३५६ | | | १३०,३५६ | ६४% |
| | टिडिएफ ईक्वीटी | | प्रथम, दोस्रो तथा तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गतका छनौट भएका १२ वटा आयोजनाको स्तरोन्नती | १२ | सन् २०२१ सम्म | | | | | | | | | १२ | | | | | | | | |
| ४ | एशियाली विकास बैक | | शहरी खानेपानी तथा सरसफाई आयोजना | १५ | सन् २०२३ सम्म | - | | | ५५०,००० | | | ५५०,००० | | ३ | | | | ३१४,४८० | | | ३१४,४८० | २६% |
| ५ | एशियाली विकास बैक | | मझौला सहर एकीकृत सहरी वातावुरणीय सुधार आयोजना | ४ | सन् २०१९ सम्म | - | | | १५०,००० | | | १५०,००० | ३ | | | | | १०२,३८८ | | | १०२,३८८ | ६८% |
| ६ | एशियाली विकास बैक | | एकीकृत सहरी विकास आयोजना | ३ | सन् २०१९ सम्म | - | | | १५०,००० | | | १५०,००० | २ | | | | | २८,९४४ | | | २८,९४४ | १९% |
| ७ | नगर विकास कोष (सहलगानी) | | साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना (सह लगानी) | ९ | वहुवर्षिय | - | | | | | १९०,००० | १९०,००० | १ | २ | | | | | | ७०,४८३ | ७०,४८३ | ३७% |
| ८ | नेपाल सरकार | | शहरी पूर्वाधार विकास आयोजना | २७ | वहुवर्षिय | - | १०,००,००० | | | | | १०,००,००० | | ७ | | १०६,७२२ | | | | | १०६,७२२ | ११% |
| | **कुल जम्मा** | | | | | ९०,००० | १,०००,००० | ३७०,००० | १,०५०,००० | - | १९०,००० | २,७००,००० | ३१ | २५ | १७,७७८ | १०६,७२२ | १९८,१५८ | ५७६,१६८ | - | ७०,४८३ | ९६९,३०९ | ३६% |

# तालिका नं. ११: आ.व. २०७६/७७ को ऋण असुली लक्ष्य तथा प्रगति

रू. हजारमा

| क्र.सं. | कार्यक्रमहरु | २०७६ आषाढ मसान्तसम्ममा उठाउन बाँकी | | | आ.व.२०७६।७७ मा उठाउनु पर्ने | | | २०७७ आषाढ मसान्तसम्ममा उठाउनु पर्ने | | | आ.व. २०७६।७७ मा उठाउने लक्ष्य | | | आ.व. २०७६।७७ को प्रगती | | | प्रगती प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क | गत बर्षसम्म लगानी भएका आयोजनाहरु | सांवा | व्याज | जम्मा | सांवा | व्याज | जम्मा | सांवा | व्याज | जम्मा | सांवा | व्याज | जम्मा | सांवा | व्याज | जम्मा | |
| १ | नगर विकास कार्यक्रम - दोस्रो चरण (के.एफ.डब्लु.) | (१०,४५६) | ८,४१९ | (२,०३६) | २६,१५३ | २२,३२२ | ४८,४७५ | १५,६९८ | ३०,७४१ | ४६,४३९ | २५,४५३ | २७,९९६ | ५३,४५० | ३६,५६५ | २७,१५१ | ६३,७१६ | |
| २ | नगर विकास कार्यक्रम - तेस्रो चरण (के.एफ.डब्लु.) | (२२,३४७) | ७४१ | (२१,६०६) | ३५,१८९ | ३०,०५६ | ६५,२४५ | १२,८४३ | ३०,७९७ | ४३,६३९ | ३२,७२८ | ३०,७९७ | ६३,५२४ | ४१,७५८ | ३०,०२६ | ७१,७८४ | |
| ३ | शहरी वातावरण सुधार आयोजना (ए.डि.वी) | १०,२१३ | ७,६८३ | १७,८९७ | १५,३१९ | ७,७८८ | २३,१०७ | २५,५३२ | १५,४७१ | ४१,००३ | १५,२१९ | १७,३१२ | ३२,५३१ | २२,३२८ | ८,९५० | ३१,२७८ | |
| ४ | प्रथम चरण साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | ८२,३३३ | ४४,४९५ | १२६,८२७ | ६१,१३७ | ३२,५१४ | ९३,६५० | १४३,४६९ | ७७,००८ | २२०,४७८ | ३६,४५२ | ६१,१३५ | ९७,५८७ | ४०,९५९ | १६,०९३ | ५७,०५२ | |
| ५ | साना शहरी खानेपानी तथा सरसफाई आयोजना -प्रथम चरण (पुन:निर्माण आयोजना) | ३,५३९ | ७,१६१ | १०,७०० | ३३,७४० | १४,१४७ | ४७,८८७ | ३७,२७९ | २१,३०८ | ५८,५८७ | २४,५३५ | २०,६०६ | ४५,१४१ | ३७,१६८ | १०,२३३ | ४७,४०१ | |
| ६ | सहरी शासकीय क्षमता विकास कार्यक्रम ( विश्व बैंक) | (१,८३२) | ७१० | (१,१२३) | ७,३८१ | ७,९६३ | १५,३४४ | ५,५४८ | ८,६७३ | १४,२२१ | ५,५४८ | ८,६७३ | १४,२२१ | ७,४८८ | ६,६६१ | १४,१४८ | |
| ७ | नगर विकास कार्यक्रम –चक्रीय कोष (आन्तरिक) | (३,१२२) | २,५०७ | (६१५) | १२,०५० | ५,९७५ | १८,०२५ | ८,९२८ | ८,४८२ | १७,४१० | ८,२०४ | ८,४८२ | १६,६८६ | २३,३६४ | ५,९०६ | २९,२६९ | |
| ८ | दोस्रो साना शहरी खानेपान तथा सरसफाई आयोजना (ए.डी.बी.) | ४५,५६१ | ४०,४८२ | ८६,०४३ | १०२,३३७ | ९३,६१९ | १९५,९५६ | १४७,८९८ | १३४,१०१ | २८१,९९९ | ८८,४४५ | ९६,४०६ | १८४,८५१ | ६५,११७ | ७३,३७३ | १३८,४९० | |
| ९ | मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना (ए.डि.वी) | ३३,१६१ | २७,१७५ | ६०,३३६ | ५०,०७२ | ५२,८३२ | १०२,९०४ | ८३,२३३ | ८०,००६ | १६३,२४० | २२,७४९ | ८०,००६ | १०२,७५६ | ४९,९६३ | ३७,२१५ | ८७,१७९ | |
| १० | एकीकृत वातावरणीय सुधार आयोजना (ए.डि.वी) | (३,०९९) | – | (३,०९९) | ३०,८८५ | ५१,७१५ | ८२,६०० | २७,७८६ | ५१,७१५ | ७९,५०१ | ३०,०९५ | ५१,७१५ | ८१,८०९ | ३१,३६९ | ४५,७१९ | ७७,०८८ | |
| ११ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | (२,१३७) | – | (२,१३७) | – | ७३,३८३ | ७३,३८३ | (२,१३७) | ७३,३८३ | ७१,२४७ | (२,१०६) | ७३,३८३ | ७१,२७७ | २४,२०० | १०,०६५ | ३४,२६५ | |
| | जम्मा (क) | १३१,८१४ | १३९,३७३ | २७१,१८७ | ३७४,२६३ | ३९२,३१३ | ७६६,५७६ | ५०६,०७८ | ५३१,६८६ | १,०३७,७६४ | २८७,३२२ | ४७६,५१२ | ७६३,८३४ | ३८०,२८० | २७१,३९० | ६५१,६७० | |
| ख | यस आ.व.मा लगानीवाट ऋण असुल गर्ने लक्ष्य | | | | | | | | | | | | | | | – | |
| १ | नगर विकास कार्यक्रम दोस्रो चरण( के.एफ.डब्लु) | – | – | – | – | २,८७२ | २,८७२ | – | २,८७२ | २,८७२ | – | २,८७२ | २,८७२ | – | – | – | |
| २ | नगर विकास कार्यक्रम - तेस्रो चरण (के.एफ.डब्लु.) | – | – | – | – | १४,०६५ | १४,०६५ | – | १४,०६५ | १४,०६५ | – | १४,०६५ | १४,०६५ | – | – | – | |
| ३ | साना शहरी खानेपानी तथा सरसफाई आयोजना -प्रथम चरण (पुन:निर्माण आयोजना) | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | |
| ४ | नगर विकास कार्यक्रम –चक्रीय कोष (आन्तरिक) | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | |
| ५ | काठमाण्डौं दिगो शहरी यातायात आयोजना | – | | | | ०.४५ | ०.४५ | | | | | | | | | | |
| | जम्मा (ख) | – | – | – | – | १६,९३७ | १६,९३७ | – | १६,९३७ | १६,९३७ | – | १६,९३७ | १६,९३७ | – | – | – | |
| | जम्मा (क + ख) | १३१,८२४ | १३९,३७३ | २७१,१९७ | ३८१,२३७ | ४२३,४१२ | ८०४,६४९ | ५१३,०६२ | ५६२,७८५ | १,०७५,८४६ | २९४,३०६ | ५०८,१५० | ८०२,४५६ | ३८६,३६१ | २८३,३७५ | ६६९,७३६ | – |
| (ग) | व्याज पूँजीकृत हुने आयोजनाहरु (नयाँ लगानीवाट) | | | | | | | | | | | | | | | – | |
| १ | दोस्रो साना शहरी खानेपान तथा सरसफाई आयोजना (ए.डी.बी.) | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – |
| २ | मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना (ए.डि.वी) | – | – | – | – | ३,०५७ | ३,०५७ | – | ३,०५७ | ३,०५७ | – | ३,०५७ | ३,०५७ | – | – | – | – |
| ३ | एकीकृत वातावरणीय सुधार आयोजना (ए.डि.वी) | – | – | – | – | ३,०२० | ३,०२० | – | ३,०२० | ३,०२० | – | २,७१८ | २,७१८ | – | – | – | – |
| ४ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी.) | – | – | – | – | ४,८३३ | ४,८३३ | – | ४,८३३ | ४,८३३ | – | ४,३५० | ४,३५० | – | – | – | – |
| ५ | सह लगानी खानेपानी तथा सरसफाई क्षेत्र | – | – | – | – | ३,९१७ | ३,९१७ | – | ३,९१७ | ३,९१७ | – | ३,५२५ | ३,५२५ | – | – | – | – |
| ६ | शहरी खानेपानी तथा सरसफाई आयोजना | – | – | – | – | १०,४१७ | १०,४१७ | – | १०,४१७ | १०,४१७ | – | १०,३१३ | १०,३१३ | – | – | – | – |
| ७ | शहरी पूर्वाधार विकास आयोजना | – | – | – | – | ६,८७५ | ६,८७५ | – | ६,८७५ | ६,८७५ | – | ६,८७५ | ६,८७५ | – | – | – | – |
| | जम्मा (ग) | – | – | – | – | ३२,११८ | ३२,११८ | – | ३२,११८ | ३२,११८ | – | ३०,८३७ | ३०,८३७ | – | – | – | – |
| | कूल जम्मा (क+ख +ग) | १३१,८२४ | १३९,३७३ | २७१,१९७ | ३८१,२३७ | ४५५,५३० | ८३६,७६८ | ५१३,०६२ | ५९४,९०३ | १,१०७,९६५ | २९४,३०६ | ५३८,९८७ | ८३३,२९३ | ३८६,३६१ | २८३,३७५ | ६६९,७३६ | ६२.२५% |

## ५.८ नेपाल वित्तीय प्रतिवेदन मान अनुसारको वित्तीय विवरणहरू

### वित्तीय अवस्थाको विवरण
२०७७ आषाढ मसान्तको

रकम रु.मा

| विवरणहरु | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **सम्पति** | | | |
| नगद तथा नगद समान | ४.१ | ९२२,५१५,७४६.०० | १,३६४,३४४,९१२.०६ |
| नगरपालिकाहरुलाई ऋण तथा पेश्की | ४.२ | ८,५३४,१९०,९००.०० | ७,७५९,१०९,९९७.३४ |
| अन्य ऋण तथा पेश्की | ४.३ | १९,२३१,९०४.०० | २१,८०६,१२१.७२ |
| लगानी | ४.४ | १,३५०,०००,०००.०० | १,२००,०००,०००.०० |
| चालु कर सम्पति | ४.५ | ७,३६८,०८९.०० | (१,०९४,७५३.२९) |
| सम्पत्ति तथा उपकरण | ४.६ | १४७,३१६,३४५.०० | १३८,७८९,३२९.०० |
| अमुर्त सम्पत्ति | ४.७ | ३५२,३८६.०० | १४०,६५४.७० |
| स्थगन कर सम्पत्ति | ४.८ | १५,०८५,३८३.०० | ३,४४६,५७१.५४ |
| आसामी अनुदान बाँकी | ४.९ | ७४,३३६,२७५.०० | ५९,१७६,९४०.११ |
| अन्य सम्पत्ति | ४.१० | ४,४०४,६७४.०० | ११,४११,६५५.७२ |
| **जम्मा सम्पत्ति** | | **११,०७४,८०१,७०२.००** | **१०,५५७,१३१,४२८.९०** |
| **दायित्व तथा इक्विटी :** | | | |
| **दायित्व** | | | |
| अवितरित अनुदान | ४.११ | ११०,५१४,४६८.०० | १२९,५७२,११८.०० |
| ऋण दायित्व | ४.१२ | ५,०९२,३५५,९०७.०० | ४,८१३,१९१,१४२.०० |
| व्यवस्था | ४.१३ | (१२,६१०,१३९.००) | (८७०,११८.००) |
| स्थगन कर दायित्व | ४.८ | - | - |
| अन्य दायित्व | ४.१४ | १,९६२,४१३.०० | १,९८३,५०७.०० |
| **जम्मा दायित्व** | | **५,१९२,२२२,६४९.००** | **४,९४३,८७६,७४९.००** |
| **इक्विटी** | | | |
| शेयर पूँजी | ४.१५ | २,७६२,९७९,७९४.०० | २,७६२,९७९,७९३.५४ |
| **पूँजी कोष योगदान :** | | | |
| नियन्त्रित कोष | ४.१६ | १,६९६,२४९,०७३.०० | १,५४०,७८४,७६८.०० |
| विशेष कोष | ४.१७ | (१३,६४५,३११.००) | (३२,१४८,२३०.००) |
| जगेडा कोष (Retained Earnings) | | - | - |
| साधारण जगेडा | | - | - |
| सञ्चित मुनाफा/(घाटा) | ४.१८ | १,४३६,९९५,४९७.०० | १,३४१,६३८,३४८.०० |
| **जम्मा इक्वीटी** | | **५,८८२,५७९,०५३.००** | **५,६१३,२५४,६७९.५४** |
| **जम्मा दायित्व तथा इक्विटी** | | **११,०७४,८०१,७०२.००** | **१०,५५७,१३१,४२८.५४** |

## नाफा नोक्सान तथा विस्तृत आयको विवरण

२०७६ श्रावण १ देखि  २०७७ असार ३१ सम्म

**रकम रु.मा**

| विवरणहरु | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१९ | ६३४,२४४,८६६.०० | ५९३,०४२,९९०.८६ |
| ब्याज खर्च | ४.२० | ११४,९५७,३७२.०० | ९७,८५२,०३४.७३ |
| **खुद ब्याज आम्दानी** | | **५१९,२८७,४९४.००** | **४९५,१९०,९५६.१३** |
| शुल्क तथा कमिसन आम्दानी | ४.२१ | ४,३८१,७६०.०० | १,२५३,०६१.०० |
| शुल्क तथा कमिसन खर्च | ४.२२ | ३,९८०.०० | २७,३४१.०० |
| **खुद शुल्क तथा कमिसन आम्दानी/खर्च** | | ४,३७७,७८०.०० | १,२२५,७२०.०० |
| **खुद संञ्चालन आम्दानी** | | **५२३,६६५,२७४.००** | **४९६,४१६,६७६.१३** |
| अन्य वित्तीय उपकरणवाट फियर भ्यालुको खुद नाफा | | | |
| अनुदान आय | ४.२३ | ११,१९२,९३६.०० | १४,९९५,७०९.०८ |
| अन्य आय | ४.२४ | १,०७८,१९९.०० | २,३६६,५८५.२८ |
| **जम्मा आय** | | **५३५,९३६,४०९.००** | **५१३,७७८,९७०.४९** |
| वित्तीय सम्पत्तिको खराव नोक्सानी | | - | - |
| सम्पत्ति र उपकरणको खराव नोक्सानी | | | - |
| कर्मचारी खर्च | ४.२५ | ३२,३०९,४९५.०० | २२,८२१,६०२.६० |
| संञ्चालन लिज खर्च | ४.२६ | ३,४०८,०००.०० | ३,४०८,०००.०० |
| ह्रास कट्टी  र परिषोधन ( Amortisation) | ४.६ | ३,४५३,५०९.०० | १,४५४,४६२.०३ |
| अन्य खर्च | ४.२७ | १९,१५६,१०२.०० | २९,८३६,८२१.१४ |
| अनुदान  खर्च | ४.२८ | ९,०२६,१५५.०० | १५,८१०,१४६.१९ |
| कर्जा जोखिम ब्यवस्था | | २७,६४४,९०४.०० | १४३,८४७,०९३.०० |
| कर अघिको मुनाफा | | **४४०,९३८,२४४.००** | **२९६,६००,८४५.५३** |
| आयकर खर्च | ४.२९ | ९६,२०५,७२५.०० | ११०,३६६,७१९.७३ |
| यस अवधिको मुनाफा | | **३४४,७३२,५१९.००** | **१८६,२३४,१२५.८०** |
| अन्य विस्तृत आय | | | |
| **नाफा नोक्सानमा पुन : वर्गिकरण नगरिने बुँदाहरु** | | | |
| पुन : वर्गिकरण गरिएका दायित्व सम्पत्ति र उपदान | | | |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | - | - |
| | | - | - |
| **नाफा नोक्सानमा पुन : वर्गिकरण गरिएका वा गर्न सकिने बुँदाहरु** | | | |
| विदेशी विनिमय कारोवारवाट भएको फरक | | - | - |
| सम्पत्ति मूल्याङकनमा भएको नाफा नोक्सान | | - | - |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | - | - |
| फियर भ्यालु रिजर्भ | | | |
| फियर भ्यालुमा भएको खुद फरक | | - | - |
| पुनः वर्गिकरणले नाफा नोक्सानमा खुद फरक | | - | - |
| माथि वर्गिकरण  गरिएका बुँदाको आयकर | | - | - |
| अन्य विस्तृत आम्दानी र खुद कर | | - | - |
| **जम्मा विस्तृत आम्दानी** | | ३४४,७३२,५१९.०० | १८६,२३४,१२५.८० |

## नगद प्रवाह विवरण

२०७६ श्रावण १ देखि २०७७ असार ३१ सम्म

रकम रु.मा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **कारोवार संचालनवाट नगद प्रवाह** | | |
| ब्याज र कमिशन | ४०८,४३१,२६०.६१ | ३९०,३६६,५८०.२९ |
| ब्याज खर्च | (५२,४९३,८०४.००) | (१८,६९२,८८०.००) |
| कर्मचारी तथा आपूर्तिकर्तालाई नगद भुक्तानी | (६३,४०३,९६७.२६) | (५२,५२७,९५५.६८) |
| **संचालन सम्पत्ति र दायित्व परिवर्तन अघिको संचालन नगद प्रवाह** | **२९२,५३३,४८९.३५** | **३१९,१४५,७४४.६१** |
| **संचालन सम्पतीको घट/बढ** | | |
| मौज्दात | (१२१,११५.०१) | ५१,९९७.३७ |
| अन्य पेश्की | (२८६,००९.८०) | १०७,३१०.९४ |
| **ऋणमा परिवर्तन :** | | |
| आयोजनामा ऋण लगानी TDP/KFW | (१३९,००४,५०२.००) | (२२८,२४८,७६१.००) |
| आयोजनामा ऋण लगानी ADB | (५७६,१६८,३४७.२३) | (७८८,२०१,८७४.७५) |
| आयोजनामा ऋण लगानी UIDP GoN | (१०६,७२१,५७३.००) | (६,७२२,७८२.००) |
| इक्विटीवाट ऋण लगाानी | (७०,४८३,०२२.००) | (१६२,९६५,३७३.००) |
| नगरपालिकावाट ऋण असुली | ३८५,५११,१२०.६७ | ३१२,२३०,५५७.२५ |
| ऋण फिर्ताबाट बृद्धि | (७८,३२२,९८०.५३) | (७५,२९४,१०८.९७) |
| **कारोवार संचालनवाट नगद प्रवाह** | **(२९३,०६२,९३९.५५)** | **(६२९,८९७,२८९.५५)** |
| आयकर भुक्तानी | (११६,६३६,८६२.९१) | (१४४,१८८,२९४.२८) |
| **कारोवार संचालनवाट मौजुदा खुद नगद प्रवाह** | **(४०९,६९९,८०२.४६)** | **(७७४,०८५,५८३.८३)** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | |
| बैंकको मुद्धती खातामा लगानी | (१५०,०००,०००.००) | (१५०,०००,०००.००) |
| कर्मचारीलाई ऋण लगाानी | - | (४,४८५,३१२.००) |
| कर्मचारीवाट ऋण असुली | ३,१६९,०१८.९५ | २,९६३,२३६.१७ |
| सम्पत्ति र उपकरणको खरिद | (१२,६८८,६५४.१०) | (५१२,२७४.०५) |
| अमुर्त सम्पत्तिवाट भएको आर्जन | | - |
| **लगानी कारोवारमा मौजुदा खुद नगद प्रवाह** | **(१५९,५१९,६३५.१५)** | **(१५२,०३४,३४९.८८)** |
| **वित्तीय कारोवारवाट नगद प्रवाह** | | |
| पूँजिगत लगानी कोषमा बृद्धि (जिटिजेड र केएफडब्लु) | | |
| केएफडब्लु स्रोत तर्फको कार्यक्रमका लागि प्राप्त रकम | २१६,७७४,५४०.०० | २३०,७६३,५७३.४२ |

| | | |
|---|---|---|
| ब्याज आम्दानी र विदेशी मुद्रा सटही नाफा /घाटा | - | - |
| नेपाल सरकारवाट प्राप्त ऋण रकम (एडिबी स्रोत तर्फको आयोजना) | ४६०,०९५,०००.०० | १,२९०,६९१,९९९.७५ |
| नेपाल सरकारवाट प्राप्त समपुरक कोष | (१६,३३८,४८७.००) | (८९,६०८,७०२.३४) |
| अनुदान लगानी (न.पा तथा अन्य) | (८१,५७६,७५५.६४) | (७४,१३१,१६६.४४) |
| कार्यक्रमको खर्च हुन नसकेको रकम फिर्ता (नेपाल सरकार) | (४५५,७८०,५२४.१८) | |
| सेवा शुल्क ( केएफडब्लु) | (४,३८१,७६०.४८) | (१,२४८,२६१.००) |
| अनुदान प्राप्त (एडिबी) | १२,८७२,२२३.४४ | ५१,७९९,८२७.६८ |
| चक्रिय कोषमा वृद्धि : | १,०५१,३४६.४२ | - |
| टिडिपी वाट ऋण असुली | ७८,३२२,९८०.५३ | ७५,२९४,१०८.९७ |
| टिडिपीको ब्याज तर्फवाट | २६,१०३,९५५.२६ | २५,८५१,५९६.०२ |
| टिडिपी विशेष वचत तर्फवाट | १५,५३६,३३०.२० | १४,८५५,७७७.९१ |
| नेपाल सरकारलाई ऋण भुक्तानी | (१२५,२८८,५७७.००) | (४४,९०२,६६३.००) |
| **वित्तीय कारोवारवाट मौजुदा नगद प्रवाह** | **१२७,३९०,२७१.५५** | **१,४७९,३६६,०९०.९७** |
| नगद तथा नगद समानमा भएको खुद बढ/घट | (४४१,८२९,१६६.०६) | ५५३,२४६,१५७.२६ |
| नगद तथा नगद समानको शुरुवाती मौज्दात | १,३६४,३४४,९१२.०६ | ८११,०९८,७५४.८० |
| नगद तथा नगद समानमा विदेशी विनिमयदरवाट परेको प्रभाव | - | - |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | **९२२,५१५,७४६.००** | **१,३६४,३४४,९१२.०६** |

# ६. कोषको भावी योजना

वर्तमान सन्दर्भमा विकासका पूर्वाधारहरू जिवन्त र प्रकृतिमय हुनु पर्ने आजको आवश्यकता बन्दै गएकोछ । यसका वहुआयामिक पक्षहरूलाई समेटी शहरी पूर्वाधार सेवा र सुविधाहरूको माग र पूर्तिको खाडललाई कम गर्न कोषको कार्यक्षेत्रको विस्तार सहित पूँजी संरचना बृद्धि गरी आ.व. २०७६/७७ को बजेट तथा कार्यक्रममा नगर विकास कोषलाई "शहरी पूर्वाधार विकास निगम" बनाउने योजना अनुसार ऐनको मस्यौदा तयार भई अगाडी बढेकोछ । यसरी कोषलाई मुलुकको वित्तिय बजार एवं नीजि क्षेत्रको पूँजीलाई समेत शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक वित्त परिचालक (Debt Administrator) स्वायत्त एवं दीगो संस्थाका रूपमा विकास गराउने भावी योजना रहेको छ ।

१. शहरी पूर्वाधार विकास निगमका रूपमा परिणत हुँदा हुने पूँजीबृद्धि र त्यसको परिचानका लागि सम्पूर्ण नगरपालिकाका माग र रणनैतिकरूपमा महत्वपूर्ण तथा स्थानीय आर्थिक विकासलाई योगदान पुऱ्याउने आयोजनाहरूमा लगानी गर्न बहुवर्षिय आयोजना बैङ्क तयार गर्ने ।
२. शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पूँजी परिचालनका लागि नियमित दातृ निकाय तथा नेपाल सरकारको अतिरिक्त सार्वजानिक नीजि साझेदारी र वोण्ड जस्ता स्रोत परिचालन गरी वित्तीय स्रोत परिचालन गर्ने ।
३. हरित जलावायु कोष (Green Climate Fund) बाट ऋण तथा अनुदान परिचालन गरी वातावरणिय अनुकुलन आयोजनाहरूमा लगानी गर्ने व्यवस्था मिलाईने ।
४. प्रभावकारी आयोजना कार्यान्वयन तथा लक्षित उद्देश्य प्राप्तिका लागि आवश्यक लगानीमा देखिएको खाडललाई परिपूर्ति गर्न विद्यमान क्षमता विकासका कार्यक्रमहरूलाई अझ प्रभावकारीरूपमा संचालनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था संगको सहकार्य अझ बृद्धि गरिनेछ ।
५. कोष तथा नगरपालिकाहरूको Credit Rating गराई आवश्यक नीतिगत एवं कानुनी व्यवस्था गरिनेछ ।
६. दिगो सार्वजानिक यातायात ब्यवस्थापनका लागि विधुतिय तथा न्यून प्रदुषणयुक्त यातायात व्यवस्थापनमा लगानी गर्ने ।


## ६.१ कोषको ब्यवसायिक योजना :

शहरी पुर्वाधार विकासका लागि विविध किसिमका वैकल्पित वित्तीय स्रोत परिचालन गरी नवप्रवर्धन विधिहरू सहित प्रभावकारी तथा दिगो पूर्वाधार विकास गरी मुलुकको समग्र विकासमा योगदान पुरयाउने उद्देश्य सहित नगर विकास कोषले आ.व.२०७७/७८ देखि २०८०/८१ को चार वर्षे योजना स्वीकृत गरी कार्यान्वयन गरि रहेकोछ । यस चार वर्षे ब्यवसायिक योजनामा निम्न लक्ष्य लिएकोछ :

क) कोषले चार वर्षको अवधिमा रू. २० अर्व लगानी गर्ने ।
ख) कोषको विद्यमान ईक्वीटी रू. २० अर्व पुरयाउने ।
ग) विद्यमान स्वपूँजी तथा नेपाल सरकार र दातृ निकायहरूको प्रतिबद्धताका अलवा थप रू...... अर्व वित्तीय स्रोत परिचालन गर्ने ।
घ) लगानी असुली ६२.२५ प्रतिशतवाट ९५ प्रतिशतमा पुरयाउने ।
ङ) ७ वटा प्रदेशमा शाखा विस्तार गर्ने ।
च) १७५ वटा नगरपालिकाहरूमा कोषको सेवा विस्तार गर्ने ।

व्यवसायिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मुल्याङ्कनका सुचकहरू तय गरी लागु गरिएको छ ।

# BUSINESS PLAN SCHEDULE



# ७. कोषबाट सम्पन्न भएका विभिन्न क्रियाकलापहरु



*UIDP आयोजना अन्तर्गत विरेन्द्र सभागृह पुनर्निर्माण आयोजनाका लागि विराटनगर नगरपालिका र नगर विकास कोष बीच ऋण सम्झौता कार्यक्रम*



*UIDP आयोजना अन्तर्गत सिटी हल निर्माण आयोजनाका लागि कमलामाई नगरपालिका र नगर विकास कोष बीच ऋण सम्झौता कार्यक्रम*



*शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत नगर विकास कोष र हुप्से देउराली संस्था विच ऋण सम्झौता*



*शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत नगर विकास कोष र सुनकोशी पांचखाल संस्था विच ऋण सम्झौता*



*कोषद्वारा ऋण लगानी भएको आयोजनाको अनुगमन*



UWSSP_ADB Mission



*व्यापारिक भवन, लालबन्दी नगरपालिका*



*शहरी खानेपानी तथा सरसफाई अयोजना लिबाङ, रोल्पा*




*तेश्रो साना शहरी खानेपानी तथा सरसफाई अयोजना चन्द्रौटा*



*शहरी खानेपानी तथा सरसफाई अयोजना प्रगतिनगर दाङ*

नगर विकास कोष
TOWN DEVELOPMENT FUND
NEPAL
नेपाल



# नगर विकास कोष
## TOWN DEVELOPMENT FUND

मध्य वानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ०१ ४४९३८६६, ४४६५६५१, ४४६४८७४
ईमेल: tdf@tdf.org.np
वेभसाईट: www.tdf.org.np